# उदयचन्द प्रधान

प्रति

# श्रद्धाञ्जलि

राजीवशङ्कर श्रेष्ठ

www.karunaguthi.com

**उदयचन्द प्रधानप्रति**
**श्रद्धाञ्जलि**

**परिकल्पना र सङ्कलन**
राजीवशङ्कर श्रेष्ठ

**ISBN : 987-81-89602-4-8**

**सर्वाधिकार सुरक्षित © २०१२**

**प्रकाशन**
करुणादेवी स्मारक धर्मार्थ गुठी
पञ्जीकरण संख्या ३१५ / १९९७
'जयश्री' रिनाक ७३७ १३३ सिक्किम
'रचना' गान्तोक' ७३७ १०१ सिक्किम
दूरभाष : ०३५९२-२०२६७७ / ९४३४०-२२६७७
ई-मेल : karunaguthi@yahoo.co.in

**वितरण**
रचना पुस्तक एवम् प्रकाशन
'रचना' गान्तोक ७३७ १०१ सिक्किम
दूरभाष : ०३५९२-२०४३३६ / ९७३३१-०२३०४
ई-मेल : rachna_books@yahoo.co.in

**अक्षर संयोजन**
रोशन छेत्री
**मुद्रण**
बेरेक्का प्रिन्टिङ प्रेस
देउराली, गान्तोक

**सीमित निजी वितरणको लागि मात्र**



**जन्म**
**सुनिता श्रेष्ठ : २४ जून १९५६**
**उदयचन्द प्रधान : १५ मार्च १९५०**
**विवाह**
**अक्षय तृतीया १७ अप्रेल १९८०**
**मृत्यु**
**४ वैशाख २०६९ सोमवार १६ अप्रेल २०१२**

''जिन्दगी आफैमा एउटा दुर्घटना लाग्छ। कहिल्यै त्यसबाट कोही मुक्त हुन सकेन। जन्मनु पनि एक दुर्घटना हो। बाँच्नु भनेको दुर्घटनाबाट जोगिनु मात्रै हो। मर्नु त झन् सबैभन्दा ठूलो दुर्घटना नै भयो। लाख कोशिश गर्दा पनि न मर्नुबाट जोगिन सक्छौं न दुर्घटनाबाट उम्कन पाउँछौं।

...डराउँदैमा दुर्घटनामा नपर्ने भइदिएको भए हामी कोही पनि मर्ने थिएनौं।''

**कृष्णचन्द्रसिंह प्रधान**
(वि.स. १९८२ - २०६७)

# भन्ने कुरा



यस सङ्कलनको के प्रयोजन जब कि सम्बन्धित व्यक्तिहरू दुवै हामीलाई छाडी परलोक गइसके भन्ने कुरा सर्वसाधारणलाई पनि लाग्नु स्वाभाविक हो। यदि कुनै वस्तु हामी अकस्मात हराइपठाउँछौं तब यसप्रति विस्मातको साथ यसको महत्त्व र उपयोग बुझ्छौं, महसूस गर्छौं। यसरी नै सुनिता र उदय हामी परिवारजनको नजिक मात्रको नभई अति महत्त्वपूर्ण सदस्य थिए - हाम्रो परिवारको टेवा र आड़ थिए। ती दुइलाई हामीले यसरी अकस्मात गुमाउनपर्दा मात्र हामीलाई अब थाहा भयो कि टाढ़ा भएर पनि हामी कति नजिक थियौं। वज्रघात सहँदै विछोड़को पीड़ाले व्यथित मनमा सम्झनाका केही क्षणहरू संस्मरण स्वरूप सङ्कलन गरिराखे कति आफ्नैहरूले पनि उनीहरूलाई राम्ररी चिन्ने-बुझ्ने अवसर पाउनेछन् भनी उदयका सहकर्मी, सहयोगी, परिवारजनलाई फोनद्वारा सम्पर्क गरी अति सीमित समयमा यो पुस्तिका तैयार गरी यहाँहरूसमक्ष टक्र्याउँदैछौं - दिवङ्गत आत्माहरूको चिर शान्तिको लागि हाम्रो स्नेह, माया र बन्धनको सङ्गालो स्वरूप यो एक चोखो हृदयबाटको हार्दिक श्रद्धाञ्जलि मात्र हो।

कहीं कतै यस हतारमा गरिएको काममा केही भूल-चूक र कमी हुन गए अन्यथा नलिनु होला र यसप्रति क्षमाप्रार्थी छौं। प्रस्तुत प्रयासले हामीलाई एक सन्तोष र सान्त्वना प्राप्त भएको छ। हामी ती असंख्य मित्रजन, आफन्त र परिवारजन आफ्नो अनेकौं व्यस्ततालाई पन्साएर नजिक गाउँ-घर, छिमेकबाट मात्र नभई टाढ़ा-टाढ़ाबाट व्यक्तिगत रूपले सपरिवार आउनु भई शवयात्राअघिका ती दुःखद दिनहरू पश्चात् हालसम्म बराबर शोक समवेदना देश-विदेशबाट टेलिफोन सन्देशद्वारा पनि व्यक्त गरी अटूट धैर्य र दहिलो ढाड़स हामीले पाए फलस्वरूप क्रिया, कर्म र अन्त्येष्टि सुसम्पन्न गर्न सक्षम भयौं। ती सबैलाई साथै पण्डित-पुरोहित र ती असंख्य महानुभावहरूप्रति सहानुभूतिपूर्ण सद्भावना र सहयोग हामी शोकाकुल परिवारले विशेषगरी सुनिता र उदयको एकमात्र छोरा निलाभले आँसु पुछाईमा पाएका छौं, त्यसप्रति हामी हार्दिक आभारसाथ कृतज्ञता र धन्यवाद यहीं पंक्तिद्वारा टक्र्याउँदछौं। यहाँहरूबाट हामीहरूले यतिका ठूलो दुःख र क्षति सहन गर्न अदम्य साहस र अपार शक्ति प्राप्त गरेका छौं - यसप्रति हामी आजन्म ऋणि छौं।

शुभम!

करुणादेवी स्मारक धर्मार्थ गुठीको पक्षमा

राजीवशङ्कर श्रेष्ठ

३१ मई २०१२

## विषय सूची


| शीर्षक | | पृष्ठ संख्या |
|---|---|---|
| - भन्ने कुरा | | |
| - साष्टाङ्ग दण्डवत | | क |
| **समवेदना पत्रहरू** | | |
| - अखिल भारतीय नेवार संगठन, दार्जीलिङ | | घ |
| - हिमूल, दार्जीलिङ | | ङ |
| - हरिदास हट्टा सुधार सम्मेलन, दार्जीलिङ | | च |
| - नेपाली साहित्य सम्मेलन, दार्जीलिङ | | छ |
| - पी.एल. जोशी, दार्जीलिङ | | ज |
| - स्व० उदयचन्द प्रधान अनि स्व० सुनिता प्रधानका परिवारमा समवेदना प्रकट - शरद् छेत्री | | १ |
| - स्व० उदयचन्द प्रधान - टी.एन. प्रधान | | ३ |
| - स्व० श्री उदयचन्द प्रधानलाई नियाल्दा - सुभाष छेत्री | | ४ |
| - हाम्रा उदय ः एक श्रद्धाञ्जलि | - राजीवशङ्कर श्रेष्ठ | ७ |
| - 'उदय' का उदय | - राजीवशङ्कर श्रेष्ठ | १२ |
| **सुनिता-उदयका सन्तान** | | २३ |
| **उदयचन्द प्रधानको निबन्ध** | | |
| - 'तरूण तपसी' मा कवि लेखनाथको अद्भुत कल्पना र विषयवस्तु | | २४ |
| - रूद्राक्ष | | २७ |
| **उदयचन्द प्रधानका कविताहरू** | | |
| - कवि भानुभक्त | | ३२ |
| - गुरू महिमा | | ३३ |
| - ऐना | | ३४ |
| - थकाई मार्न बिर्सिएछन् | | ३५ |
| - विम्ब प्रतिविम्बहरू | | ३६ |
| - मलाई थाहा छैन | | ३७ |
| - काशीबहादुर र उदय | | ३८ |
| - शुरू आफैबाट गर्नु छ | | ३९ |
| - आध्यात्मिक कवि भानुभक्त | | ४१ |
| पुषको पानी अचार 'पुषाचार' | - सुनिता प्रधान | ४२ |
| **पुस्तक समीक्षा** | | |
| लक्ष्मी | - नीना राई | ४३ |
| लक्ष्मी | - दलसिंह 'अकेला' | ४४ |

# साष्टाङ्ग दण्डवत



**जयशङ्करलाल श्रेष्ठ**

**२६ जनवरी १६१७ - २२ जून २००३**

**हर कदम हरदम हर दिन**

**हामीमाझ छन् दिई मार्गदर्शन**

जन्म तिथिको शुभकामना तिमीलाई श्री बसन्त पंचमीमा पनि,
गर्न सकिनँ वर्णन तिम्रो प्रतिमा अनुष्ठानमा पनि।
गर्छौं सन्तान र नाता राजीव रमण माता इन्दुको साथमा,
भक्तिभोगी बनी हिँड्छौं धर्मार्थ गुठी करूणादेवीको पथमा।
बुवा जय जय शंकरलाल श्रेष्ठको आशीर्वादको साथमा।।
जन्मभूमि जय जय शंकरलाल श्रेष्ठको
प्रसिद्ध नेपाली कोठी चौखम्बा बनारसी।
नयाँ सूर्यको उदय भयो सुनमा सुगन्ध पनि
हामी गौरव गर्छौं निर्धक्क भन्न सक्छौं
बुवा जय जय शंकरलाल श्रेष्ठको चरित्र चित्रण पनि।



विश्वविद्यालय कलकत्ता र बनारस,
दुइ नेत्र भयो श्रेष्ठको नेपाली जगतमा।
भयो दुइ भुजा स्नातक र स्नातकोत्तर वाणिज्य पनि
हामी गौरव गर्छौं र भन्न सक्छौं
बुवा जय जय शंकरलाल श्रेष्ठको प्रगतिबारे पनि।
रूचि बुवाको व्यायाम कुस्ती र पुस्तक अध्ययन पनि,
अभिरूचि मेवा मिष्ठान प्रेमी निरन्तर अध्ययन गीता पनि।
सहस्र चन्द्रदर्शन जंक्वको उपभोगी सौभाग्यशाली तिमी
यसैले हामी भक्ति गर्छौं निरन्तर र भन्छौं
जय जय शंकरलाल श्रेष्ठको जीवनगति पनि।
हामी कुशल संस्कारीय छत्रछायाँमा छौं,
छौं हामी विरासतीय वंशावलीमा पनि।
यसैले लड्न सक्छौं, गर्न सक्छौं, भन्न सक्छौं
धैर्यधारण सत्यनिष्ठा, इमान्दारी तिमी,
बुवा, जय जय शंकरलाल श्रेष्ठको धर्मगोरेटो पनि।
सरल मृदुभाषी अति प्रकृति प्रेमी तिमी
पुरुषोत्तम गम्भीर व्यक्तित्व पनि।
भयो कर्मभूमि विद्यालय रिनाक फूलबगान प्यारो
बनारस र कलकत्ता भन्दा पनि बढ़ी।
यसैले हामी उल्लेख गर्छौं तिम्रो प्रकृति प्रवृत्ति पनि।
यसैले बुवा तिम्रो स्मरण गर्छौं आराधना पनि,
तथास्तु नभए हुन्छ अँध्यारो प्रत्येक घड़ी।
साह्रै अँध्यारो निस्पट्ट अँध्यारो पनि,
वसुधैव कुटुम्बकमको प्रवचन तालमा
भन्छौं धरातल हाम्रो जयश्री, जय जय शंकरलाल श्रेष्ठको जय।

**- सुनिलय, दार्जीलिङ**

२३.१.२००७

# करुणादेवी स्मारक धर्मार्थ गुठी

**समर्पित सेवाको दोस्रो दशक**

(१९९५ - २०१२)

**हाम्रा गतिविधि**

सहस्रचन्द्र दर्शनम् / महारथारोहण / जंक्व २०००
जय पुस्तकालय अभियान २००३
'उदय' बचाउ अभियान २००३
रचना रजत जयन्ती कथा प्रतियोगिता २००४
जय ग्रामीण पुस्तकालय अभियान २००५
जय स्मृति शोध ग्रन्थालय २००६

**हाम्रा प्रमुख प्रकाशन**

नेवाः वर्ण लिपि र भाषा परिचय १९९६ / २००१
सहस्रचन्द्र दर्शनम् / महारथारोहण / जंक्वको शुभ पर्व स्मारिका २०००
विकासको गोरेटो : ग्रामीण प्रौद्योगिकी २००१
साथै यसको सीडी रोम र अन्य तीन संस्करण २००३
जैविक विकासको गोरेटो : ग्रामीण प्रौद्योगिकी २००५
Motivation : Skills and Techniques Heritage Conservation 2005
धरोहर सुरक्षा २००५
Sikkim : Three Decades Towards Democracy 2005
Report of a mission to Sikkim and the Tibetan Frontier, 1884 2005
रचना कथा अनुष्ठान २००५
धुमिल पृष्ठहरू २००६
महानन्द पौड्याल : उनका कृतिहरूमा २००७
नेवार : हामी यस्तै छौं २०१०
Newah Bhaye Learner with CD २०११
उदयचन्द प्रधानप्रति श्रद्धाञ्जलि २०१२

**प्रकाशोन्मुख**

विकासको डोरेटो : गाउँले प्रविधि
Sikkim Newar reminiscences Worldwide – Thinking local



## अखिल भारतीय नेवार संगठन

21 C, पुरानो सुपर मार्केट, दार्जीलिङ।
स्थापित : २०/०६/१९९३
पञ्जीकृत संख्या : S/IL/17295

**'शोक-समवेदना'**

सेवामा,
भाजु नीलम प्रधान
हरिदास हट्टा,
दार्जीलिङ।

महोदय,

यो परिवर्तनशील संसारमा सृष्टिकर्त्ता ईश्वरको नियमानुसार पञ्चतत्त्वद्वारा निर्मित प्रत्येक प्राणीको जन्मपश्चात मृत्यु अन्तर्निहित रही पुनः पञ्चतत्त्वमै विलीन हुने अकाट्य 'शाश्वत्-सत्य-तथ्य' लाई हामी सबैले स्वीकार्नै परेको छ।

यसरी हाम्रा भाजु उदय चन्द्र प्रधान अनि मयजू सुमिता प्रधान पनि दार्जीलिङदेखि गान्तोकसम्मको यात्रामा वाहन दुर्घटनावश आकस्मिक निधन हुँदा हामी शोक विह्वलले मर्माहत छौं।

परिस्थितिवश, यस बज्रघातले पीडित शोक-सन्तप्त परिवारका सहोदरहरूमा सहनशीलताको शक्ति प्रदान गरून् अनि दिवंगत आत्माहरूलाई चीरकालको निम्ति शान्ति प्रदान गरून् भनी हामी ईश्वरप्रति प्राथना गर्दछौं।

ओम् शान्ति

दिनांक : २८.४.२०१२

समवेदक,

अखिल भारतीय नेवार संगठन
दार्जीलिङ।

## The Himul Co-operative Milk Producers' Union Ltd.

*Ref No.* *Date...............................*

To,

Sri Neelav Pradhan (Guddu)
& Family
Haridas Hatta,
Darjeeling.

**<u>CONDOLENCE LETTER</u>**

Dear Neelav & family,

We the family of Himul shocked and devasted to hear about the sudden demise of your parents in an unfortunate accident. He was a thorough gentleman and good human being. We will never forget his contribution towards the establishment of Himul.

May God rest their souls in peace and give strength to endure grief in this hour to the bereaved family.

With deepest sympathy.

17.4.2012

**(B. Thapa)**
In-charge (Hills),
&
Himul Staff, Darjeeling

Matigara 734428, Dist. Darjeeling, Phone : 0353 PDS 424974, 0354-2257, Tlx 0265-250 HIML IN Gram : HIMUL, Matigara.



## हरिदास हट्टा सुधार सम्मेलन

हरिदास हट्टा, दार्जीलिङ ।

### सम्वेदना- पत्र

सेवामा,

सुश्री विद्या प्रधान अनि सपरिवार (सदस्य),
हरिदास हट्टा सुधार सम्मेलन,
हरिदास हट्टा, दार्जीलिङ ।

मिती : २१ अप्रेल २०१२ ।

महोदया,

गत मिती १६ अप्रेल २०१२ को दिन हजुरको पूज्यवर दाज्यू उदय चन्द प्रधान साथै भाउज्यू सुनीता प्रधान दुवैको आकस्मीक दुर्घटनागत निधनले हामी सारा गाउँवासी नै शोकित बनेका छौं । हजुरको दाज्यू हाम्रो गाउँ-समाजको माननीय व्यक्तिहरू मध्ये एक श्रेष्ठ, समाज सेवी, धार्मीक एवं साहित्य सृजनशील प्रवृति हुनुभएको व्यक्तित्वका धनी हुनुहुन्थ्यो । आफ्नो गाउँ समाज एवं सामाजिक, धार्मीक कार्य अर्थात कुनै पनि कल्याणकारी कार्य भनेपछि कहिल्यै पछि नहट्ने, गाउँ समाजको निम्ति ध्रुव तारा स्वरूप हुनुहुन्थ्यो । त्यसरी नै वहाँकी धर्मपत्नी भाउज्यू सुनीता प्रधान पनि उत्तिकै असाध्य गुणवती, सुशील, मृदुभाषी, धार्मीक प्रवृति स्त्रीमा हुनपर्ने सम्पूर्ण गुणले सजेकी थिइन् । यसरी वहाँहरू जस्ता असल दाम्पत्य जोडीको आकास्मीक निधनले हामी गाउँ-समाजलाई अपूरणीय क्षति पुऱ्याएको छ ।

वहाँहरूको दाम्पत्य जोडी एउटा साँचो उदाहरण सरह "सँगै बाँचौंला - सँगै मरौंला" भन्ने साँचो प्रेमको भाव, गीतकारहरूको गीति लहरहरू सुनिन्थ्यो तर यथार्थमा भने वहाँहरूको दाम्पत्यको प्रगाढ प्रेमभावलाई बुझेर होला वहाँ दाम्पत्य जोडीलाई दैवले चाँडै हामीदेखि हरेर स्वर्ग- देवलोकमा लैजानु भयो । यद्यपि, हाम्रो मन धेरै दुःखेको छ अनि धेरै रोएको छ । हामीलाई मर्माहत् - वज्रघाती आघात पुऱ्याएको भएता पनि ईश्वरको सांसारिक विधानसित आत्मीक सम्झौता गर्नैपर्ने हुन्छ । भनिन्छ- "जन्म-मृत्यु किनारा" - अर्थात यो संसारमा जे जति प्राणीहरू जन्मेका छन्, मृत्यु निश्चित छ । यति हो मृत्युको समय सीमा भने हुँदैन । त्यसर्थ हामीले आफूलाई सम्झौता गरि स-परिवारलाई साम्यतामा राख्दै भविष्यत जीवनचक्रलाई अघि बढाउँन पर्नेहुन्छ ।

ती भाग्यवान दाम्पत्यको दिवंगत आत्माले चिरशान्ती पाई सदैव देवलोकमा बास गरून् साथै शोक सन्तप्त परिवारहरू अनि इष्टजनमा यो वज्रघाती आघात सहने शक्ति प्रदान गरून् भनि उनै ईश्वरलाई श्रद्धा सुमन श्रद्धाञ्जली एवं प्रार्थणा चढाउँदै हार्दिक समवेदना जनाउँदछौं ।

सम्वेदनासहित

SECRETARY
Haridas Hatta Sudhar Sammelan
सचिव

सम्पूर्ण कार्यकारीवर्ग अनि ग्रामवासीको पक्षमा
हरिदास हट्टा सुधार सम्मेलन, हरिदास हट्टा, दार्जीलिङ।

नेपाली साहित्य सम्मेलन

फोन : ०३५४-२२५३०८

१६, सोनाम वाङ्दी पथ, दार्जीलिङ

स्थापित - १९२४

[पन्जीकरण सं. - एस/८०८९-१९६८-६७]

[साहित्य अकादेमी, नयाँ दिल्लीद्वारा मान्यता प्राप्त]

Email : nepalisahityasammelan@yahoo.com

अध्यक्ष :
श्री सी. के. राई
फोन: २२-५६६२८ [गृ.]
९८३२३-१८८६१ [मो.]

उपाध्यक्षद्वय :
श्री डी. बी. सिंह
९८३२०-४१३५३ [मो.]
९९३३७-२३३३७ [मो.]
श्री मणीकुमार सुब्बा
२२-५८४२८ [गृ.]
९४७४७-६१३१६ [मो.]

मूल सचिव :
श्री सूर्य श्रेष्ठ
९६०९३-९३८२३ [मो.]
९६६११-८२९६७ [मो.]

सह-सचिवद्वय :
श्री भीम सन्तोष
२२-५६१८८ [गृ.]
९८३२३-२८८०६ [मो.]
प्रा. राजकुमार छेत्री
९८३२३-६२६४८ [मो.]

कोषाध्यक्ष :
श्री डी. बी. गुरुङ
९८३२४-८२८८४ [मो.]

सन्दर्भ संख्या : नेसास/प.स.९/२०१२ मिति : २२.०४.२०१२

## शोक-सम्वेदना - पत्र

सेवामा,

नीलम प्रधान (छोरा)
प्रदीप प्रधान/रञ्जना प्रधान (दाज्यू-भा...
प्रकाश चन्द्र प्रधान/सुस्मिता प्रधान/भाइ/बुहारी
मीरा, गीता, बीणा, पन्ना, विद्या प्रधान,
एवं सम्पूर्ण परिवार ।

महोदय/महोदया,

हाम्रो समाजका स्व॰ उदय प्रधान असल शिक्षक, लेखक, कवि, दूध-उत्पादन र सहकारी विकाश क्षेत्र, राष्ट्रीय डेरी विकाश बोर्ड साथै गौ खाद्य उत्पादन क्षेत्र, पश्चिम बंगाल सरकारका एक कर्मठ ,अधिकारी एवं सेवक हुनुहुन्थ्यो । उहाँले भारतको बनारसबाट प्रकाशित हुने 'उदय' साहित्यक पत्रिको प्रकाशन, वितरण-व्यवस्था सुचारुरूपले सम्हाल्नु भएको थियो । स्व॰ उदय प्रधानको पत्नी स्व॰ सुनिता प्रधान एक कुशल गृहिणी, साई समिति हरिदास हट्टा, दार्जीलिङ एवं नेवार गुठी, दार्जीलिङसित सम्बन्धित हुनुहुन्थ्यो । उहाँहरू दुवैका आकस्मिक निधनप्रति नेसास, दार्जीलिङ हार्दिक श्रद्धाञ्जली एवं गहिरो शोक-सम्वेदना अर्पण गर्दछ ।

उहाँहरू दुवैका दिवंगत् आत्माको चिर शान्तिको निम्ति साथै शोक सन्तप्त परिवारप्रति ईस्वरले धैर्य र शक्ति प्रदान गरून् भनी नेसास, दार्जीलिङ प्रार्थना गर्दछ ।

भवदीय,

सभापति,
(चन्द्रकुमार राई)
नेसास, दार्जीलिङ ।

मूल सचिव,
(सूर्य श्रेष्ठ)
नेसास, दार्जीलिङ ।



# श्रद्धाञ्जलि

## स्व० उदयचन्द प्रधान एवम् स्व० सुनिता प्रधानप्रति

हिज झैं लाग्छ स्व० उदयचन्द प्रधानसित सुकिया पोखरीमा ग्रामीण पुस्तकालयभित्र हिमूलको सभामा भेट भएर वर्त्तमान हिमूलको गतिविधिबारे सभामा बसेको, बातचित गरेको, भलाकुसारी सोधेको, भर्खरै उहाँको वासस्थानमा भाइ सुनिल जोशी र म गएर बातचित गरेको पूजामा व्यस्त भए पनि हामीसित लामो बातचित गरेको यादहरू... ... ...!

स्व० उदयचन्द प्रधान एक वक्ता, लेखक, कवि, हिमूलका एक विश्वसनीय कर्मचारी, सहकारितामा असल ज्ञान भएका हाम्रा एक अनुभवी व्यक्तित्व हामीसित बिछोड्नु भयो। कस्तो परमेश्वरको विडम्बना द्वय दम्पति एकसाथ मार्मिक घटनामा उनीहरूको देहान्त भयो, सुनें रेडियोमा, पढ़ें खबरकागजमा, साह्रै मर्माहत भएँ।

स्व० सुनिता बहिनीको मीठो अचार, पुषको पानीमा बनाएको अचार, एक सुशील नारी, मृदुभाषी नारी अति नजिक थिइन् ती आत्माहरू नश्वर शरीर हामीमा यी दुवै दम्पतिका सदाको निम्ति नरहे पनि उहाँहरूको आत्माले चिर शान्ति पाउन् मेरो उनै परम परमेश्वरप्रति प्रार्थना टक्र्याउँदछु।

**पी.एल. जोशी**

१८ मई २०१२ मिरिक

# स्व० उदयचन्द प्रधान अनि स्व० सुनिता प्रधानका परिवारमा समवेदना प्रकट

दैनिक समाचार पत्र 'हिमालय दर्पण' (मिति : १८ अप्रेल, २०१२, बुधबार) को अङ्कमा प्रकाशित "उदय प्रधानको मृत्युले शोक छायो" शीर्षकयुक्त खबरमा अचानक दृष्टि अलमल्ल बन्न पुग्यो। दार्जीलिङ, १७ अप्रेल २०१२ मा लेखिएको सो दुःखद खबरमा लेखिएको रहेछ, - "हिज भएको गाड़ी दुर्घटनामा परेका मृतकहरूमा दार्जीलिङ हरिदास हट्टा निवासी उदयचन्द प्रधान अनि उनकी श्रीमती पनि परेको समाचारले सम्पूर्ण दार्जीलिङ पहाड़ शोकित बनेको छ। स्मरण रहोस्, दार्जीलिङ हिमूल विभागमा कार्यरत रहनुका अतिरिक्त उनी एक साहित्यिक समीक्षक पनि थिए।......."

प्रकाशित सो खबर पढ़ेर केहीक्षण म पनि स्तम्भित बनेको थिएँ। 'हिमाली दुग्ध सहकारी संस्थान' (हिमूल) को उच्च तक्निकी अधिकारी स्व० उदयचन्द प्रधान हाम्रा एक प्रतिष्ठित संगीतज्ञ स्व० माणिकचन्द प्रधानका सुपुत्र हुनुहुन्थ्यो। मेरो भ्राताको संगी हुनाले उहाँलाई मैले उनको विद्यार्थीकालदेखि नै चिनेको हो। - उहाँ झैं अत्यन्त भद्र, विनयी र सरल प्रकृतिको तथा निकै नै सामाजिक-सेवातर्फ लागिरहने लगनशील व्यक्ति अनि उहाँकी श्रीमती (स्व० सुनिता प्रधान) समेत अचानक भयानक गाड़ी दुर्घटनामा परेर असामयिक मृत्युको मुखमा पर्नु चित्त कसै नबुझ्ने कुरो थियो भन्ने चर्चा उहाँहरूका परिचित सबैजनामा नै भइरहेको पाइयो। - हे ईश्वर! कस्तो आकस्मिकता हो त्यो! धेरै दिनहरूसम्मन् मन अत्यन्त खिन्न बनिरह्यो। - तर, कतिपय सतर्कताहरूका अनुसरण गर्दागर्दै पनि त्यसप्रकार सहसा आइपर्ने भवितव्यलाई कसले पो रोक्न सक्छ र?

स्व० उदयचन्द प्रधान औधी नै मिलनशील व्यक्ति हुनुहुन्थ्यो। साहित्यप्रति पनि उहाँको निकै नै रूचि थियो। चौखम्भा, बनारसबाट श्री दुर्गाप्रसाद श्रेष्ठको सम्पादनमा पुनर्प्रकाशित बनिरहेको पत्रिका 'उदय' अन्तर्गत उहाँका रचनाहरू मैले पढ़्न पाइरहेको थिएँ। केहीअघि मात्रै, फागुन २०६८ (मार्च २०१२) को 'उदय' पत्रिका (स्व० काशीबहादुर श्रेष्ठ स्मृति-अङ्क, वर्ष ७४, पूर्णाङ्क १४७) अन्तर्गत मैले उहाँको एउटा भावपूर्ण कविता 'काशीबदादुर र उदय' पढ़्ने सौभाग्य पाएको थिएँ, जुन कविताको अन्तिम दुइ पंक्ति यसप्रकार थिए-

"अब शङ्खध्वनिले निम्त्याउनेछ निरोगी उदयको जगतमा,
हाम्रो चिनारी हाम्रो धरोहर 'उदय' बचाऊ अभियानमा।।"

- त्यसप्रकार माघ वि.स. १९९३ (सन् १९३७) मा स्थापित 'उदय' (नेपाली साहित्यिक पत्रिका) लाई बचाउने अभियानमा लागिरहनु भएका सहयोगी स्व० उदयचन्द प्रधानका धेरैवटा कविताहरूसहित गहकिला आध्यात्मिक र कतिपय चाखलाग्दा प्राविधिक लेखहरू पनि 'उदय' र यत्रतत्र केही पत्र-पत्रिकाहरूमा प्रकाशित भएका हुनाले हामीले पढ्ने मौका पाएका थियौं। विशेष "हिमालय दुग्ध सहकारी संस्थान" (हिमूल) का उच्च तक्निकी अधिकारीको पदमा धेरै वर्षदेखि कार्यरत् हुनाले गौपालन, पशुपालन, कृषि एवम् सहकारी समिति जस्ता विभिन्न विषयहरूमा पनि उहाँलाई राम्रो ज्ञान थियो। ती क्षेत्रहरूका बारेमा कतिपय राम्रा-राम्रा फुटकर रचनाहरू विविध पत्र-पत्रिकाहरूमा प्रकाशित गरेपछि केही वर्षअघि उहाँले गौ-पालन सम्बन्धी एउटा निकै जानकारीयुक्त पुस्तक पनि प्रकाशित पार्नुभएको थियो। फेरि गतवर्षमा मात्रै उहाँको अर्को पुस्तक 'रूद्राक्ष' पनि 'श्री साई पुस्तक अनि प्रकाशन गुठी, दार्जीलिङ' बाट प्रकाशित पारिएको छ। रूद्राक्ष विषयको त्यस पुस्तक 'रूद्राक्ष' को प्राक्कथन 'भन्ने कुरा' अन्तर्गत आखिरीको ठाउँतिर उहाँले लेख्नुभएको रहेछ, - "मेरी धर्मपत्नी श्रीमती सुनिता प्रधानबाट सधैं सकारात्मक सहयोग प्राप्त भएकोले नै पुस्तक प्रकाशमा ल्याउन सकेको छु।..."

तर, त्यसरी सधैं सहयोग प्रदान गर्ने धर्मपत्नीसहित स्वयम् उहाँलाई पनि निष्ठुर मृत्युले अरू लामो कुनै समयसम्म सहन गर्नै सकेन, उहाँहरूका असामयिक मृत्युले हाम्रो समाजलाई समेत ठूलो खति पर्न गएको छ। ती सचेत दम्पत्ति स्व० उदयचन्द प्रधान एवम् स्व० सुनिता प्रधानको असामयिक निधनले हामी, तथा उहाँहरूका परिचित व्यक्तिहरू सबै नै शोकाकुल बनेका छौं अनि दुवै सन्तप्त परिवारका त्यस भीषण दुःखमा समवेदना प्रकट गर्दै दिवङ्गत आत्माको शान्तिको निम्ति ईश्वरसित प्रार्थना गर्दछौं।

**शरद् छेत्री अनि परिवार**
'श्रीकुञ्ज'
रसिक ग्राम
अच्छा राई 'रसिक' पथ
दार्जीलिङ - ७३४१०१



# स्व० उदयचन्द प्रधान

१९ नवम्बर, १९७४ सालमा उनले हिमूलमा दूध विस्तार प्रसारकको पदमा नियुक्ति पाए। उहाँले अमूल डेरी गुजरातमा राष्ट्रिय डेरी निगम अन्तर्गत दुइ महीनाको सन्तोषजनक तालिम प्राप्त गरे। त्यसपश्चात् हिमूलमा क्षेत्रीय डेरी निरीक्षक, तक्निकी अधिकारी, उच्च तक्निकी अधिकारीको पदसम्म हासिल गरी अन्तमा केही अवधिसम्म उप-प्रबन्धकको रिक्त स्थानमा दार्जीलिङ अफिसको इनचार्ज भई हिमूल पहाड़ खण्डको कार्यभार सम्हाल्नुभयो।

उहाँले साढ़े सैंतीस वर्ष जति कुशल दक्षतासित सुचारूरूपले आफ्नो कार्यकाल पूरा गरी १.४.२०१२ देखि अवकाश प्राप्त गर्नुभयो। उहाँ एक असल, इमान्दार, कर्मठ र मिलनसार योग्य व्यक्ति हुनुहुन्थ्यो।

उनको आफ्नो कार्यकालमा विशेषगरी गाउँ-बस्ती (दार्जीलिङ पहाड़ खण्ड) मा दूध उत्पादक सहकारी समितिको गठन गर्नुमा धेरै योगदान छ। हिमूलको मासिक पत्रिका प्रकाशनमा व्यवस्थापक भएर धेरै समयसम्म काम गर्नुभयो। यसबाहेक उहाँले राष्ट्रिय डेरी विकास (N.D.B.B.) अन्तर्गत हिमूलमा सहकारी विकास कार्यक्रममा मुख्य संयोजकको पदभार सम्हाले काम गर्नुभयो।

हिमूल सम्बन्धी गाई-वस्तु पालनको शिक्षा प्रसारण विषय लिएर 'लक्ष्मी' पुस्तिका उनले प्रकाशित गरेका छन्। यसबाहेक पनि उनले गाउँ-बस्तीका विकास विषयमा धेरै लेखहरू लेखेका छन्।

उहाँ एक मिलनसार, असल, दक्ष, सबैप्रति आदर दृष्टिभाव राख्ने, अरूलाई इज्जत दिन जान्ने, सुशील स्वभावको योग्य व्यक्ति थिए।

अन्य धेरै विभागहरूमा असल कामको अवसर पाएता पनि उहाँले हिमूललाई छोड्नु भएन कारण हिमूलको नोकरीमा गाउँ-बस्तीको विकास र गरीब गोपालकहरूलाई सहयोग पुऱ्याउने मौका गुमाउन चाहेनन्।

अवकाश प्राप्त गरेको १६ दिनमा (१६.४.२०१२) वाहन दुर्घटना भई आकस्मिक निधन भएकोमा हामी सबै उहाँको साथीहरू साथै सम्पूर्ण हिमूल परिवार शोकित छौं। उहाँको पुण्य आत्माले चिर शान्ति पाउन् भनी ईश्वरप्रति हार्दिक प्रार्थना गर्दछौं।

**टी.एन. प्रधान**
**अवकाश प्राप्त उच्च तक्निकी अधिकारी**
**हिमूल, दार्जीलिङ।**

# स्व० श्री उदयचन्द प्रधानलाई नियाल्दा

हिमालयन को-अपरेटिभ मिल्क प्रोडक्शन युनियन (हिमूल), दार्जीलिङमा विभिन्न दायित्वपूर्ण पदभार सम्हालेपछि उप-प्रबन्धक (पहाड़ी इलाका) को पदबाट ताः १.३.२०११ मा अवकाश प्राप्त गर्ने मौका मैले पाएँ।

मैले मेरो सम्पूर्ण कार्यभार त्यस समय हिमूलकै वरिष्ठ सिनियर टेक्निकल अफिसरको पद सम्हाल्दै आएका अथकित श्रीमान उदयचन्द प्रधानलाई इनचार्ज (हिल) को पदभारको दायित्व सुम्पिएको थिएँ। सोझो, इमान्दारी, कर्त्तव्यनिष्ठावान्, अनुशासित, हँसिलो एवं ग्रामीण अर्थनैतिक विकासमा सुधार ल्याउने विचारमा लिप्त कर्मठ व्यक्तिलाई आफ्नो पदभार सुम्पिँदा म अत्यन्त गर्वित थिएँ। अतः आफ्नो दायित्वलाई सफलीभूत पार्न उनी सक्षम भएका थिए औ समय-समयमा मसँग परामर्श, आलोचना पनि गर्ने गर्थे। हिमूलको पहाड़मा कार्यरत सम्पूर्ण कर्मचारीहरूको सोंच, 'ग्रामीण अर्थनैतिक विकास' आवश्यक छ भन्ने थियो। यसैको प्रतिफल पहाड़को कुना-काप्चामा सहकारी समितिहरू खोली दूध निष्कासन कार्य विभिन्न कार्यलाई अघ्राएर गरिन्थ्यो - जसमा श्री उदयचन्द प्रधान पारङ्गत थिए।

विभिन्न समयमा विभिन्न पदभार सम्हाल्दै आएका थिए श्री उदयचन्द प्रधानले। इनचार्ज शीतकरण केन्द्र, इनचार्ज मिल्क मार्केटिङ को-अर्टिनेटर सहकारी विकास कार्यक्रम (राष्ट्रिय डेरी विकासबाट सञ्चालित), इनचार्ज फोडर डेभलपमेण्ट, सिनियर टेक्निकल अफिसर (दूध निष्कासन) जस्तो दायित्वपूर्ण पदभार सम्हालिसकेका श्री उदयचन्द प्रधानले हिमूलमा १६ नोभेम्बर, १९७४ मा प्रवेश गरेका थिए।

शुरूआतमा राष्ट्रिय डेरी विकास बोर्ड (आनन्द) मार्फत् 'अमूल पद्धति' बारे ट्रेनिङ हासिल गरेका थिए। अमूलको श्वेत आन्दोलनको सफलता एवं गुजरातको ग्रामीण अर्थनैतिक विकासमा गोपालकले लिएको अटुट छाप श्री उदयचन्द प्रधानमा परेको थियो। यसैको प्रतिफल खेड़ा जिल्ला, आनन्द गुजरातमा झैं हाम्रो पार्वतीय इलाकामा पनि श्वेत आन्दोलनको शङ्खघोष हुनु अनिवार्य छ भन्ने विचार उनमा थियो। यसैको प्रतिफल श्री उदयचन्द प्रधानले हिमूलमा ३७-३८ वर्ष गुमाएका थिए। सरकारी महाविद्यालयबाट स्नातक



गरेपश्चात् श्री उदयचन्द प्रधानले रामकृष्ण बी.टी. कलेजबाट सिनियर बी.टी. गरी दार्जीलिङ नगरपालिका हाई स्कूलमा शिक्षक काम गरेका थिए। भाषाशैलीका ज्ञानदाता, मृदुभाषी एवं कर्त्तव्यनिष्ठावान्, इमान्दारी शिक्षक भएको कारणवश नै उनमा मानिसहरूलाई आफूतर्फ आकृष्ट गराउने क्षमता थियो।

मेरो विचारधारा श्री उदयचन्द प्रधानसँग मिल्थ्यो - यसैले दार्जीलिङ सरकारी महाविद्यालयबाट स्नातक (शुद्ध विज्ञान) गरी इण्डियन डेरी डिप्लोमा (डेरी टेक्नोलोजी), "स्टेट इन्स्टिच्युट अफ् एनिमल हस्ब्याण्ड्री एण्ड डेयरिङ" नदियाबाट १९७५ मा समाप्त गरी उनैको परामर्शमा हिमूलमा दाखिल भएको थिएँ। नौलो जोश, नयाँ काम भएकोले दार्जीलिङ पहाड़को कुना-काप्चामा हामी पुगेका थियौं। अथक परिश्रण, सेवा आदिको प्रतिफल हामीले केही मात्रामा भए पनि ग्रामीण अर्थनैतिक विकासमा केही सघाउ पुर्‍याउन सक्षम बनेका थियौं। सायद मैले मेरो हिमूल कार्यको अस्सी प्रतिशत भाग श्री उदयचन्द प्रधानसँग नै बिताएको थिएँ।

राष्ट्रिय डेरी डेभलपमेण्ट बोर्ड (N.D.D.B.) को सहकारी विकास कार्यक्रम हिमूल मार्फत् चालू हुँदा श्री उदयचन्द प्रधनले को-अर्डिनेटरको भूमिका लिएर गरेको कार्यक्रम अतुलनीय छ। पिता स्व० मणिकचन्द्र प्रधान, शास्त्रीय संगीतका दाता भएकाले होला उनमा संगीत छँटा परेको मैले अनुभव गरेको थिएँ - यसैको प्रतिफल सहकारी विकास हेतु धेरै गीतहरू लेखी/प्रस्तुत गरी यस कार्यलाई सफलीभूत पार्न सक्षम भएका थिए। ग्रामीण कृषकवर्गलाई शिक्षित तुल्याउनुपर्छ भन्ने हेतु 'हिमूल पत्रिका' तैयार पारिन्थ्यो जसको मुख्य सम्पादक म स्वयम् अनि श्री उदयचन्द प्रधान थिए। नेपाली भाषामा रूपान्तर गर्ने कार्यमा उनी सक्षम थिए भने हिमूलको भाषा रूपान्तरमा उनको भूमिका लिइन्थ्यो। अतः नेपालीमा राम्रो ज्ञान, शैलीका धनी भएका श्री प्रधानले हाम्रो समाजलाई 'लक्ष्मी', 'रूद्राक्ष' जस्तो पुस्तकहरू दिनसकेका थिए। दुवै किताब डेरी विकास एवं धर्ममा जोड़िएको थियो। अतः यसबाट उनी धर्मावलम्बी भएको सिद्ध हुन्छ। उनको लगभग १०० भन्दा अधिक कार्यक्रमहरू विभिन्न विधामा रेडियो खरसाङबाट प्रसारित भएको हामी पाउँछौं। विभिन्न तक्निकी लेख साथै अन्य लेखहरू पश्चिम बङ्गाल, ग्राम विकास सन्देश, हिमालय दर्पण, सुनचरी, सुनाखरी, उदय आदिमा प्रकाशित भएको पाउँछौं। श्री दुर्गाप्रसाद श्रेष्ठको सम्पादनमा प्रकाशित हुने 'उदय' पत्रिकामा हामी

उदयचन्द प्रधानको धेरै लेख/कविता प्रकाशित भएको पाउँछौं।

साई धर्ममा लिप्त प्रधान साई समिति, दार्जीलिङको विभिन्न कार्यमा संलग्न थिए औ गाउँ-घरमा गएर विकास कार्यक्रम गराउने पक्षमा अघि बढ्थे। पुट्टपर्ती भ्रमणमा जाँदा साई बाबासँग प्रत्यक्ष रूपमा साई बाबासँग साक्षात्कार भेट गर्ने सुअवसर उनलाई प्राप्त भएथ्यो, फलस्वरूप उनी धर्मनिष्ठ पनि थिए।

हठात् १६ मार्च, २०१२ मा भाइ भूषण गुरूङ (हिमूल परिवार) ले श्री उदयचन्द प्रधान एवं उनकी धर्मपत्नी सुनिता प्रधानको मल्लीनेर गान्तोक प्रस्थान गर्दा गाड़ी दुर्घटनामा परी मृत्यु भएको खबर मलाई अवगत गराए। म किंकर्त्तव्यविमूढ़ भएँ - मेरो होश ठेगानमा रहेन र हत्तपत्त कालिम्पोङमा मित्र (हिमूल परिवार) श्री मेघराजलाई फोन गरी पक्का जानकारी लिएँ। सबै मित्रगण, हिमूल माटिगड़ा परिवारहरूलाई जनाइदिएँ। दैवको लीला मैले बुझ्न सकिनँ। भर्खरै ताः १.४.२०१२ मा हिमूलबाट अवकाश प्राप्त गरेका मेरा हितैषी मित्र श्री उदयचन्द प्रधानको निधनले ममाथि बितेको वज्रपातको प्रस्तुति शब्द यहाँ पाइनँ। हत्तपत्त अझै पक्का खबर लिन भाइ भानुराज थापालाई रिनाक सिक्किममा फोन गरें - पछिबाट घटना घटेको सत्य रहेछ। उनको निधनले हाम्रो दार्जीलिङ पार्वत्य इलाका एवं नेपाली जगत्लाई ठूलो झट्का परेको महसूस भयो।

हामी हाम्रो हिमूल परिवारले पनि उनको निधनमा टुहुरो अनुभव गरेको मैले पाएँ। दैवको लीला बुझ्न कठिन छ। यो संसारमा हामीले जन्म लिएपश्चात् मृत्यु निश्चित छ अतः यस अवधिमा गरेको राम्रा-राम्रा कार्य मात्र अमिट भएर जान्छ। यस्ता अमिट कार्यक्रमहरूलाई स्व० उदयचन्द प्रधानले विभिन्न माध्यमबाट हामीमा छाड़िराखेका छन् - फलतः उनी अमर छन् भन्नुमा अत्युक्ति नहोला...!

**सुभाष छेत्री**
**अवकाश प्राप्त उच्च तक्निकी अधिकारी**
**हिमूल, दार्जीलिङ।**



# हाम्रा उदय : एक श्रद्धाञ्जलि

कसैलाई विश्वास नलाग्ला कि उदय र सुनिता दुवै अब यस दुनियाँमा रहेनन् तर ती दुवै एकैसाथ हामीलाई छाड़ेर गए।

उनीहरू गत केही महीनादेखि बराबर गान्तोक आइबस्थे आफ्ना पुश्तैनी सम्पत्तिको देखरेख गर्न तर जग्गा-जमीनको मामिला, एउटा निप्ट्याई सिद्धियो त अर्को टक्रक्क आइपुग्थ्यो। उदय सधैं यहाँ एक ठाउँदेखि अर्को ठाउँ कागज-पत्र बुझाउँदै-सङ्गाल्दै आफ्नो हक स्थापित गरी समस्या समाधानमा जुटेका देखिन्थे।

मेरी श्रीमती रञ्जनाको सिलगढ़ी लायन्स नेत्रालयमा उपचार गराई फर्किंदा हामी दुवैलाई स्याहार पुग्दैन भनी आफ्नी बहिनी अनिताको घरमा सबै सँगै बसौं भनी कर लगाएकी थिई। त्यसै महीना मार्चको अन्तमा सेवानिवृत्त हुनगइरहेका उदयलाई दार्जीलिङमा कहाँ एक्लै छाड़ेर यहाँ आई हामीलाई सेवा-सुश्रुसा गर्न मिल्छ, जीवनको यस अति महत्त्वपूर्ण अवस्थामा दुवै पति-पत्नी सँगै बस्नुपर्छ भन्दा “हामी कहाँ टाढ़ा अनुभव गर्छौं र मोबाइलमा बराबर कुरा हुन्छ अनि केही फक पर्दैन” हामीलाई जवाफ दिएका थिए उदयले। “दिदी भएर मात्र हो नत्र हामी मात्रद्वारा यस्तो सेवा माया गर्ने अवसर कहाँ सम्भव हुन्छ” कारण अनिता र बालकृष्ण दुवै आफ्नो गृह निर्माण यथाशीघ्र सिध्याई त्यहाँ सर्ने व्यस्ततामा थिए। त्यस बेला आफ्नी भाउज्यूलाई भनेकी थिई, “गान्तोक धाउँदा-धाउँदा दिक्क लागिसक्यो तर के गर्नु एउटा झ्याउला सकिएको हुँदैन अर्को टुप्लुक्कै आइपर्छ र फेरि यहाँ आउन कर लाग्छ।”

बिहानदेखि नै हामी दुइको ओछ्यानमा चिया बिस्कुटदेखि लिएर छिन-छिनमा केही न केही तातो स्वादिलो परिकार तैयार गरेर दिनभरि नै सेवा-माया गर्नमा व्यस्त हुन्थी अनि हामीलाई के थाहा यो अवसर हामीलाई अन्तिम पनि हो भनेर। कसैलाई नबिझाउने न कसैप्रति दुर्भावना राख्ने उनी दुवैको स्वभावमा नै थिएन। अरूबाट आफूले भोग्न परेको दुर्व्यवहारलाई आफ्नो पूर्व जन्मको कर्मको फल हो भनी आफैलाई सान्त्वना दिने सरल प्रकृतिका थिए। सुनिताले आफ्नी बहिनीलाई भनिबस्थी, “हामीले मौका पाएको बेला सेवा-सत्कार गर्न

तत्पर रहनुपर्छ र आफ्नो कामकुरा गरिराख्नुपर्छ समयमा नै - कसलाई के थाहा कुन बेला कागले चिङ्गनालाई टप्प टिपे झैं दैवले टिपिलाने हो हामीलाई!”

सधैं आतुरीमा हुन्थे हाम्रा उदय र भर्खरै मात्रको हाम्रो ३ र ४ अप्रेलको भेटमा उनी आफ्नो व्यस्ततासँग कुम्रेक-रजेमा कटाइएका काठपात हेरी बुझी साथै रम्फू बगरस्थित जमीनको निरीक्षण गरी साँझ बालकृष्णका साथ घर आइपुगेका थिए। सो दिन रम्फूमा नै वन खण्ड अधिकारी भेट भएकाले डुगा जान नपरेको बताएका थिए। भोलिपल्ट उनी सरकारद्वारा रम्फू बगरस्थित जमीनको अधिग्रहणबारे स्थिति बुझी विन्ती-अनुरोध गर्न एकैदिनमा खानी तथा भू-गर्भ विभाग गई जमीनको सर्वेक्षणका लागि र त्यसपश्चात् राजस्व विभाग, शहरी विकास र आवास विभाग अनि जिल्लाधीशसमेतलाई भेटी तीन वर्ष हुनलाग्दा पनि सो विषयबारे किन केही निर्णय हुन नसकेको जिज्ञासा राखेको कुरा घर फर्की मलाई सुनाएका थिए। कसलाई के थाहा हाम्रो यही भेट अन्तिम भेट हुनेछ भनेर।

रिनाकको हाम्रो पुश्तैनी घर आफ्नो ससुराली भनेर होइन तर त्यसै पनि उनलाई खुबै मनपर्थ्यो र सेवानिवृत्ति उप्रान्त हामीसँगै त्यहाँ बसी यसको आवश्यक मरम्मती र देखरेख गर्ने उत्कण्ठा थाँतीमा रह्यो। उनी दुइ हामीलाई छाड़ेर अरूलाई भन्दा हाम्रो परिवारलाई अपूरणीय क्षति हुनगएको छ कारण उनी दुवै हाम्रो ठूलो टेवा र आड़ थिए। अब त हामीलाई हरेक दुइ दिनमा फोन गरी कुशल क्षेम सोध्ने कोही रहेनन्।

* * *

उदयचन्द प्रधानको जन्म १५ मई, १९५२ को दिन संगीतका लागि भानु पुरस्कार प्रापक पिता माणिकचन्द प्रधान र माता भूषण माया प्रधानका कोखमा खरसाङमा भएको थियो र उनको परिवार सन् १९५८ मा हरिदास हट्टा, दार्जीलिङको पुश्तैनी घरमा आएको थियो। त्यहाँ सन्त रोबर्टस् हाई स्कूलबाट उच्चतर माध्यमिक परीक्षा उत्तीर्ण गरी दार्जीलिङ सरकारी महाविद्यालयबाट स्नातक र रामकृष्ण बीएड कलेजबाट बीएड गरेपश्चात् बड़ोदरा गुजरातबाट जनसम्पर्क अनि व्यवस्थापनमा डिप्लोमा प्राप्त गरेका थिए। दूध उत्पादन र सहकारी विकास कार्यक्रममा आनन्दको नेशनल डेरी डेभलपमेण्ड बोर्डबाट र कल्याणीस्थित रिजनल फोडर डेभलपमेण्ट एग्जिविशन इस्टेटबाट व्यवसायिक शिक्षा हासिल गरेका थिए।



उदयले आफ्नो जीविका उपार्जन दार्जीलिङको म्युनिसिपल हाई स्कूल अनि नागरी फार्म जुनियर हाई स्कूलमा केही समयको लागि काम गरी शुरू गरेका थिए। सन् १९७४ मा हिमूलमा सेवारत भएपश्चात् ३८ वर्षको दीर्घकालीन सेवा पुऱ्याएर उनको दुःखद निधनको दुइ हप्ताअघि मात्र उच्च तक्निकी अधिकारीको पदबाट सेवानिवृत्त भएका थिए।

आफ्नो सेवाकालको अन्ततिर उनलाई सम्पूर्ण जिम्मेवारी सुम्पिइएकोले गर्दा एकपटक फेरि समस्त दार्जीलिङका पहाड़ खण्ड भ्रमण गर्ने अवसर प्राप्त भएको थियो। केही वर्षअघि यस्तै भ्रमणबाट फर्कँदै गर्दा पानी-झरी अनि हुरी-वतासको चपेटमा परी उनी यात्रा गरिरहेको वाहनमा ठूलो रूख ढलेर दुर्घटनाग्रस्त भएको थियो। निकै लामो उपचारपछि स्वास्थ्य लाभ गरी उनको स्मरण शक्ति सामान्य भएको थियो। उनलाई सेवाका निम्ति जोरबंगलास्थित चिलिंग प्लान्टमा खटाइको थियो तर उनलाई केही गुनासो थिएन। नयाँ पदभार ग्रहण गरी उनले कालेबुङ, लाभा, मिरिक, रिम्बिक, सुकेपोखरी इत्यादि स्थानहरू भ्रमण गर्दा आफ्नो प्रारम्भिक सेवाकालमा सम्पर्कमा आएकाहरूसित भेटघाट गर्ने अवसरलाई एक सौभाग्य ठानेका थिए नत्र कहाँ यस प्रकारको अवसर पाइन्छ।

* * *

सुनिताको जन्म २४ जून, १९५६ मा स्वर्गीय जयशङ्करलाल श्रेष्ठ र माता इन्दिरा श्रेष्ठका कोखमा रिनाकमा भएको थियो। प्रारम्भिक शिक्षा त्यहाँ गरेपश्चात् कालेबुङको सन्त फिलोमिना स्कूलबाट प्राप्त भएको थियो। सिक्किम सरकारको शिक्षा विभागमा शिक्षिकाको रूपमा विहाअघिसम्म सेवारत थिई। उनको विवाह अक्षय तृतीया १९८० मा रिनाकमा सम्पन्न भएको थियो।

उनको एक छोरा निलाभ हाल गान्तोकमा छ।

* * *

उदय एक समर्पित साहित्य अनुरागी साथै धार्मिक अनि सांस्कृतिक परम्परामाथि निष्ठा र सेवाभाव राख्दथिए। उनी हाम्रो करुणा देवी स्मारक धर्मार्थ गुठीका गतिविधिहरूसित प्रारम्भकालदेखि नै सम्बद्ध थिए र सन् २००० मा हाम्रा संस्थापक पिता जयशङ्करलाल श्रेष्ठ र माता इन्दिरा श्रेष्ठको ‘सह्र चन्द्र दर्शनम्’ वा ‘महारथारोहण’ वा ‘जन्क्व’ को भव्य र अभूतपूर्व

आयोजन उनको सहयोगद्वारा मात्र सम्भव हुनसकेको थियो। सन् १९३७ देखि बनारसबाट नेपाली साहित्य जगत्‌लाई अमूल्य योगदान पुऱ्याइ आएको साहित्यिक पत्रिका 'उदय' को संरक्षणको लागि गुठीद्वारा सन् २००३ मा प्रारम्भ गरिएको 'उदय बचाउ अभियान' को व्यापक सफलताको श्रेय उनीलाई नै जाँदछ भन्नमा अत्युक्ति नहोला। उनले यस अभियान अन्तर्गत दार्जीलिङका साहित्यकारहरूबाट जुन प्रकारको सहयोग समर्थन जुटाए त्यस प्रकारको समर्पित प्रयास र सफलता उनीबाट मात्र सम्भव भएको कुरा सर्वविदित छ। यसको सूची हेऱ्यौं भने यो त्यहाँका मूर्धन्य साहित्यकारहरूको वृहत् नामावली हुनेछ।

उनको यो महानता र विनम्रता नै हो कि उनले आफ्नो प्रथम पुस्तक 'लक्ष्मी' (निर्माण प्रकाशन, २००६ गान्तोक) मा लेख्छन् कि करुणादेवी स्मारक धर्मार्थ गुठीद्वारा प्रकाशित 'विकासको गोरेटो : ग्रामीण प्रौद्योगिकी' (२००१) मा उनका लेखहरू समावेश गरेर जुन प्रेरणा उनले पाए सो कहिल्यै बिर्सनेछैन। उनको दोस्रो पुस्तक 'रूद्राक्ष' (श्री सत्य साई पुस्तक अनि प्रकाशन २०१० दार्जीलिङ) मा पुस्तक लेखनमा लागि प्राप्त प्रशस्त जोश, उत्साह र हौसलाको लागि गुठीप्रति आफ्नो कृतज्ञता व्यक्त गरेका छन्।

'रूद्राक्ष' को लागि उदयले हरिदास हट्टामा प्रत्येक बुधबार साहित्यकार कमलचन्द्र राईको निवासमा हुने 'अध्ययन चक्र' वा 'स्टडी सर्कल' नामक आध्यात्मिक तथा बौद्धिक क्रियाकलाप फलस्वरूप प्राप्त प्रेरणाद्वारा सम्भव भएको कुरा बताएका छन्।

उदयले आफ्ना रचनाहरू 'हिमाली दर्पण', 'उदय', 'अभ्युदय' र अन्य पत्र-पत्रिकाहरूतिर बराबर पठाउँथे। आकाशवाणी खरसारबाट प्रसारित खेती-गृहस्थी कार्यक्रममा र सिक्किम सरकारको विज्ञान तथा प्रौद्योगिकी विभागमा उनी आफ्नो अनुभव-ज्ञान बाँड्न अनियमित प्रवक्ता थिए।

गत वर्ष मात्र हरिदास हट्टा सुधार सम्मेलनले आफ्नो स्थापनाको स्वर्ण जयन्तीको अवसरमा सेवा-सहयोग साथै कम्युनिटी हल निर्माणको लागि अपुग अतिरिक्त जमीन दान दिएकोमा उनलाई सम्वर्द्धना जनाइएको थियो। यही भवनमा २८ अप्रेल, २०१२ को दिन उनको अन्त्येष्टि क्रिया सम्पन्न हुँदा असंख्य शोकित जन समक्ष अखिल भारतीय नेवार संगठनका स्थानीय पदाधिकारीगणले उनका छोरालाई शोक समवेदना पढ़ी सुनाएका थिए भने नेपाली साहित्य सम्मेलन दार्जीलिङका सभापति लगायतका एक प्रतिनिधि



टोलीले त्यसरी नै अलग्गै समवेदना पढ़ी सुनाएर शोक प्रकट गरेका थिए।

* * *

सोमबार १६ अप्रेल, २०१२ को दिउँसो भएको दुर्भाग्यपूर्ण दुर्घटनामा यात्रा गरिरहेको जीप द्रुत गतिको कारण नियन्त्रण बाहिर भएकोले मल्ली नजिकै लाप्चे झोड़ा पुल परतिर सोझै टिस्टा नदीमा झर्न गएर स्थलमा नै उनीसित पाँचजनाको प्राण गएको थियो। पछिल्तिर बसेका बाँचेका यात्रीले त्यसबेला दुइले एका-अर्कालाई अँगालो मारी सँगै मृत्युलाई वरण गरेको कुरा बताए। मल्ली टिस्टाका पुलिस दल अनि 'रिभर राफ्टिङ' दल दुवैले जुन तत्परताका साथ उद्धार कार्यमा जुटेर शरीर र सम्पत्ति आफन्तजनलाई आवश्यक कार्यवाही गरी सुम्पे सो सराहनीय छ र उनीहरू सँगसँगै जस-जसले त्यहाँ दुर्घटना स्थलमा सहयोग-सहायता पुऱ्याए ती सबैप्रति धन्यवाद छ।

उनको १८ अप्रेल, २०१२ बुधबारको दिन भएको अन्तिम यात्राअघि शोकाकुल अश्रुपूर्ण आफन्त, मित्रगण तथा हितैषी समक्ष साहित्यकार गोपीचन्द्र प्रधानले ल्याउनुभएको अघिल्लो दिन मात्र प्राप्त 'उदय स्मृति अंक' मा उनै उदयद्वारा रचित अन्तिम कविता 'काशीबहादुर र उदय' साहित्यानुरागी प्रवीण प्रधानले पढ़ेर सुनाएकोले उनीप्रति एक साँचो र सही श्रद्धाञ्जलि हुन गएको थियो। यसअघि एक सज्जनले आफ्नो छोटो वक्तव्यमा उनीलाई विदा दिएका थिए भने आफन्त खुशनारायण प्रधान र उनका मित्रले वैदिक मन्त्रोच्चारण गरी विदा दिएका थिए।

खरसाङबाट एक अर्का वयोवृद्ध आफन्त चन्द्रवीर प्रधानले यो जानकारी दिन्छन् कि सती प्रथा धेरै अघि समाप्त भए पनि सम्भवतः यो प्रथम पटक हो कि पति सँगसँगै पत्नीलाई पनि एउटै चितामा सुनिता र उदयको दहन हुन गइरहेको छ सो दिन। निधनको तीन दिनअघि मात्र त्यहाँ आयोजित भजन पश्चात् सुनिताले कुनै कुरामा यसो भनेकी थिईं, "के गर्नु हामी सँगै मर्न पाउने होइन।"

* * *

"उनी दुइमा एका-अर्काप्रति यति अघोर माया थियो कि कुनै एक पनि बाँचेको भए उसलाई एक्लै जिउनु मुश्किल हुने थियो। राम्रै भयो उनीहरू दुवै सँगै गए।" मुमाले भनिन्।

**हाम्रो प्रजाशक्ति १६ मई २०१२**

# ‘उदय’ का उदय

शुरू-शुरूमा उनी कार्य व्यस्तताले हो कि वा अभिप्रेरित नभएकाले स्वयम् केही लेख्दैनन् थिए, तर आफ्ना पूर्वज, धरोहर, सम्पदामाथि सजग र सरोकार भएर अन्य लेखकलाई विषय-वस्तुमाथि जानकारी, फोटो, तथ्याङ्क आदि सामग्री सहित दिएर लेखिदिने आग्रह सम्भवतः गर्थे। फलस्वरूप हामी उनको घरको पाहुना कोठामा ती प्रकाशित लेखहरूलाई यत्नपूर्वक लेमिनेट गरी झुण्डाइएका पाउँछौं। त्यहाँ पुग्ने आगन्तुक अतिथिहरूलाई ती सब पढ़ेको देखेर उनी गौरववान्वित हुन्थे। उनका पिता माणिकचन्द प्रधानबारे श्री जीवन लाबरले लेखेका थिए भने हाम्रा बुवा र उनका ससुरा स्वर्गीय जयशङ्करलाल श्रेष्ठबारे साहित्यकार श्री गुप्त प्रधानले लेखेका र सुनचरी समाचारमा प्रकाशित उनको ‘हरिदास हट्टास्थित धरोहरको घर’ (लेखक श्री निमा स्याङ्देन) र अर्को एक त्यससितै रिनाकको हाम्रो मावली घर चित्रसहितको लेखमा वर्णन गरिएको पाउँछौं।

आफ्नो रीति-रिवाज, आचार-परम्परा, कला-संस्कृति र धरोहरबारे उनी खूबै रूचिसाथ जागरूक थिए। INTACH (भारतीय सांस्कृतिक निधि) सित सम्बद्ध भई केही योगदान प्रदान गर्ने उनको प्रयास रहेको र ‘हिमूल’ को संरक्षणको लागि भर्खरै (संयोजक श्री भरतप्रकाश राई) उनीसित बिजनबारी क्षेत्र सँगै भ्रमण गरेका फोनमा बताउँछन् मलाई। चौरस्ता सुन्दरीकरण र सिन्द्रेबुङ जलविद्युत केन्द्रप्रति पनि सजग र चिन्तित थिए तर आफ्नो पुस्तैनी जग्गा-जायदादको समस्याले आवश्यक ध्यान र यथायोग्य सहयोग पुऱ्याउन असमर्थ भएको बराबर मलाई उदयले सुनाउँथे। ‘उनको असामयिक निधनले हामीलाई मात्र नभई हाम्रो समाजलाई नै एक अपूरणीय क्षति हुनगएको छ।’ भन्छन् श्री राई।

आफ्नो मृदु स्वभाव र सरल प्रवृत्तिले नै उदयले हाम्रो जस्तै अरूको पनि मन जितेका थिए जस्तो लाग्छ मलाई। उनीसित सँगै हिँड्दा पाइला पाइलामा उनका परिचितहरूसित भेट हुन्थ्यो र एकपटक साहित्यकार श्री कर्ण थामीसित धेरै अघि परिचित गराएका थिए त अर्को पटक सिलगढ़ी छँदा श्री कृष्ण प्रधानसित।



साहित्यानुरागी उनी थिए र साहित्यकारहरूलाई पनि उच्च दृष्टि र सम्मानपूर्वक व्यवहार गर्थे। उनको सम्पर्क-सबद्धता समाजमा विस्तृत थियो र सबै स्तरका परिचितहरूसित असल सम्बन्ध राख्थे भने अपरिचितहरूसित भेटघाट गरी चाँड़ै परिचय साट्थे।

‘उदय बचाउ अभियान’ मा उनी यतिबिघ्न समर्पित थिए कि आफ्नो परिचितहरूलाई यस विषयप्रति अवगत गराउँदै श्री कृष्णसिंह मोक्तान र श्री मोहन ठकुरी जस्ता मूर्धन्य साहित्यकारहरू सँगै सर्वश्री कमलचन्द्र राई, भानु छेत्री, निमा स्याङ्देन, ओमनारायण गुप्त, भीम सन्तोष, गोपीचन्द्र प्रधान, श्रीमती सुजातारानी राई इत्यादि बाहेक डा० कवीन्द्रकुमार तामाङ, प्रा० दीपङ्कर बासु, श्री वसन्तकुमार राई, डा० समीर बल, श्री रमाकान्त गुप्त, श्री भरतप्रकाश राई, श्री सुभाष छेत्री, श्री सॉवर अग्रवाल आदि सरहका विशिष्ट जन अनि आफ्नै गाउँ हरिदास हट्टाका सर्वश्री दावा बमजन, के.बी. हिङमाङ, शिशिर प्रधान, ज्ञानप्रकाश शर्मा, सुन्दर प्रधान, सहदेव प्रधान, आदित्यदीप राई, सुश्री ममता सुब्बा, डा० सुमन प्रधान, महेन्द्र प्रधान, कुमारी प्रकृति गिरीलाई सम्माननीय सदस्य बनाएका छन्। सो सूचीमा कतिपय नाम अझ थपिनेछ भन्ने कुराप्रति आश्वस्त उदयका छिमेकी श्री के.बी. हिङमाङले आफ्नो गाउँकाहरूमा र श्री गोपीचन्द्र प्रधानले केही अन्यहरूलाई ‘उदय’ पुऱ्याउदिने आश्वासन दिनुभएकोमा हामी करूणादेवी स्मारक धर्मार्थ गुठीको पक्षबाट धन्यवाद टक्र्याउँछौं। हामीलाई सर्वश्री दलसिंह ‘अकेला’ र टेकध्वज जिम्बा ‘आशा’ को नाम पनि प्राप्त छ ‘उदय’ प्रति उत्सुक छन् भनेर।

एकपटक मैले जान्न चाहेको थिएँ किन यसरी उहाँ स्वयम् आफ्नो अनेकौं बेफूर्सदीलाई पन्साएर घर-घर, ढोका-ढोका गई ‘उदय’ पुऱ्याउनुहुन्छ भन्दा हाम्रा उदयले भनेका थिए, “यसभन्दा उपयुक्त सुअवसर अरू के हुनसक्छ र? मलाई जब आफ्नो कतिपय मित्र र परिवारजनलाई भेटघाट गर्ने सौभाग्य प्राप्त हुन्छ - साहित्यको सेवा सँगसँगै।” मलाई गर्व लाग्छ उनको यो त्याग, तपस्या र समर्पण देखेर!

श्री दलसिंह ‘अकेला’ उदयका दार्जीलिङ सरकारी कलेज छँदाका सहपाठी हुन्। उनी बाहेक हालै सिक्किमबाट साहित्य क्षेत्रमा उल्लेखनीय योगदानको कदर गर्दै पद्मश्री प्रापक श्री केदार गुरुङ र साहित्य अकादमी पुरस्कार प्रापक श्री गिर्मी गोपर्मा पनि सँगै घनिष्ठ मित्रहरूमा भएको कुरा

उदयले बताएका थिए। मेरा सहपाठी श्री शरद छेत्री र गुठीका सहयोगी साहित्यकार श्री गुप्त प्रधान पनि 'उदय' का सम्माननीय (आजीवन) सदस्य हुन् र अर्का सहपाठी श्री प्रेम प्रधान र केही अन्यद्वारा पनि यस पुण्य कार्यमा सहयोग-समर्थन दिई हाम्रो प्रयासलाई अझ प्रोत्साहन प्रदान गर्नु हुनेछन् भन्ने आशा-अनुरोध छ।

हाम्रा उदयका साहित्यिक प्रयासहरूप्रति धेरै सज्जन र महिलावृन्द, जो असंख्य उनका सम्पर्क सान्निध्यमा थिए, अवगत होलान् तर कतिलाई यस कुराको जानकारी अझ पनि नपुगेको होला। यस रिक्ततालाई पूर्ण गर्न उनीद्वारा रचित लेख र कविताहरू जो 'उदय' मा बाहेक 'हिमालय दर्पण', 'अभ्युदय' आदिमा प्रकाशित भए र अन्य जो हामीसित छ सो यस सङ्गालोमा समावेश गरेर एकपटक फेरि उनका आफन्त, मित्र र हितैषीहरूको सुविधाका लागि सेवामा टक्र्याउँदछौं, स्वीकार गर्नुहोस्।

उनका मित्र श्री दलसिंह 'अकेला' ले प्रस्तुत गर्नुभएको उदयको पहिलो पुस्तक 'लक्ष्मी' को समीक्षा जुन 'हिमालय दर्पण' मा प्रकाशित भएको थियो, सो पनि यहाँ राख्दैछौं। त्यसरी उनको अर्को कृति 'रूद्राक्ष' को केही प्रारम्भिक अंश 'रूद्राक्ष' लेख 'हिमालय दर्पण' बाटै पनि दिँदैछौं।

कृषि र गोपालनमाथि उनी यति आसक्त थिए कि कृषकलाई उपयोगी मल तैयार गर्नमा गन्यौला पालन सहायक भएकोले ठाउँ-ठाउँ गएर यसको ज्ञान प्रचार-प्रसार गरेका थिए। हिमूलमा आफ्नो आजीवन सेवा पुऱ्याएता पनि यो अपर्याप्त ठानी कृषकहरूको हितका लागि ती दुइ विषय साथै यसमा सफलताका लागि आवश्यक सहकारितामाथि एक उपयोगी पुस्तक 'लक्ष्मी' दिएर गए। धार्मिक प्रवृत्तिका भएकाले 'रूद्राक्ष' माथि अर्को पुस्तक दिएर गए भने 'शङ्ख' माथि उनको प्रयास थियो जुन अधुरो रह्यो।

उदयले आफ्नो आगामी प्रयास 'शङ्ख' माथि रहेको र केही सामग्री सङ्ग्रह गरिएको अनि अझ थप जानकारी आवश्यक भएकाले उनले भर्खरै मलाई भनेका थिए, तर सो अवसर अघि नै उहाँ सँगै बहिना सुनिता पनि स्वर्गवास भएकाले अधूरो कार्य हामीमा नै आइपरेको अनुभव गर्छौं। 'शङ्ख' भन्नाले सुनितादय दुवैले बिहान-बेलुकी आफ्नो पूजा शङ्खध्वनि साथ समापन गर्थे र यसबारे उनीसित चर्चा गर्दा यो चलन व्यापक भई गाउँ-घरमा फैलिएको थाहा लागेको थियो। नभन्दै यहाँ गान्तोकमा इन्दिरा बाइपासस्थित बहिनी



अनिता र बालकृष्णको घरमा छँदा उनी दुवै स्वयम्ले पनि धर्म र आस्थामा थप टेवाका साथ शङ्खनाद गरेको र यतातिर पनि खूबै लोकप्रिय हुनगएको थाहा पाएँ। अवश्य नै यस प्रकारको प्रयोग समाजको वृहत् हितमा हुनेछ भन्ने अनुमान छ हाम्रो।

**मृत्युसँगको लुकामारीमा**

"मृत्युसँग को लुकामारीमा उहाँ झुक्किनुभयो, सदाका लागि चुक्नुभयो। यस्तै रहेछ मृत्युको चाला, अनादिकालदेखि चल्दै आएको प्रकृतिको नियम। जति बाठो हुन खोजे पनि एकदिन सबैलाई यसले झुक्याइहाल्ने रहेछ।" - डा० पुस्तुन प्रधानले आफ्ना बुवा स्वर्गीय कृष्णचन्द्रसिंह प्रधानप्रति समर्पित लेख 'म धर्तीमाथि बोझ भएर बाँच्न चाहन्नँ' (गरिमा : कृष्णचन्द्र विशेष) मा यस सन्दर्भमा लेख्नुभएको कुरा यहाँ पनि उपयुक्त हुन्छ। हाम्रा शुभचिन्तक र विज्ञ पाठकहरूसमक्ष यी पंक्तिहरू उद्धृत गरी क्षमा याचनासाथ यहाँ राख्ने धृष्टता गर्दछु।

उनी अझ लेख्छन् - "जन्मसँगै मृत्यु लेखिएको हुन्छ, जसलाई हामीले शाश्वतसत्य भनेर बुझ्ने गरेका छौं। बुझेर पनि मानिस यसको छायादेखि भयभित एवम् त्रसित बन्न पुग्छ। किनकि ऊ बाँच्न चाहन्छ, बाँच्नुसिवाय बाँच्नैका लागि भए पनि। ऊ यसलाई अनेकौं उपायबाट हमेशा जति सक्यो रोक्न, पन्छाउन अथवा पर सार्न खोज्छ। अप्राकृतिक जीवनको सहारा लिएर भए पनि ऊ यस धर्तीमा आफ्नो अस्तित्वको प्रत्याभूत गर्न चाहन्छ। बाँच्नका लागि गरिने यावत् सङ्घर्ष नै जीवन हो। तर जीवन मात्र बाँच्नु होइन - त्यहाँ सौन्दर्य छ, त्यहाँ पूर्णता छ। जीवन त्यसको प्राप्ति हो अनि बाँच्नु त्यसको उद्देश्य। यसैमा हामी खोज्छौं जीवनको सार्थकता। अर्थात् सबै कुराको अलौकिक सङ्गमस्थल हो जीवन। त्यहाँ वैभव र उमङ्ग छ, पीड़ा र कष्ट छ, हर्ष र विस्मात छ, प्राप्ति र गुमाइ छ, मिलन, विरह र बिछोड़ पनि छ, गति छ स्थिरता पनि छ, रङ्ग छ, विरक्ति पनि छ।

"जीवन यिनीहरूकै संयोजनबाट बनेको सङ्गम हो र त्यही सङ्गम सौन्दर्यको मुहान हो। मानिस आफ्नो कर्मद्वारा त्यो सौन्दर्यलाई अनुभूत गर्न खोज्छ अर्थात् आफ्नो जीवनलाई सार्थकता दिन खोज्छ। कोही यस कर्ममा हराउँछन् भने कोही दिव्यज्ञान प्राप्त गर्छन् र समाज एवम् देशमा जाज्वल्यमान

हुन्छन्। सायद यसैमा हामी जीवनको सार्थकता वा निरर्थकता, सफलता वा असफलता देख्छौं।"

जग्गा-जमीनको कारण उनी चिन्तित थिए तर समस्या समाधानमा हर हमेशा लागिपरेका हुन्थे। उनको कोशिश र दौड़धूपको हामी समय-समयमा सराहना गर्थ्यौं कारण यस प्रकारको परिश्रम र प्रयत्न हर कोहीबाट सम्भव हुँदैन। बहिनी सुनिताले पनि जुन धैर्य र सहिष्णुतासाथ आफ्नो स्वामीको साथ समर्थन र समर्पण हेर्न-बुझ्न पाउँथ्यौं सो गुण सबैमा देख्न पाउँदैनौं। यो तब सम्भव हुनजान्छ जब पति-पत्नी एका-अर्कामा त्याग, निष्ठा, माया, सेवा, सत्कार, सम्मान, समझदारी, समर्पण, विश्वास अनि प्रशस्त सन्तोषद्वारा मात्र उत्पन्न हुँदछ। यी दुइले ३२ वर्षको लामो वैवाहिक बन्धनमा आफ्नो परिणय-सूत्रलाई यति सुदृढ़ र कसिलो बनाएका थिए जसको परिणाम हामी सबैले त्यस दुर्भाग्यपूर्ण दुर्घटनामा एका-अर्कालाई अङ्गालो हालेर मृत्युलाई सँगै वरण गरेको कुरा सँगैका जीवित प्रत्यक्षदर्शी यात्रीबाट सुन्न-बुझ्न पाएका छौं। हामीलाई यो अप्रत्याशित असामयिक विछोड़ कतिको कष्टकर र दुःखदायीपूर्ण हुन गयो सो हामी प्रत्येकको मनमा छ तर ती दुइलाई भने उनका निजी तौरले यो अति भाग्यशाली र दुर्लभ मृत्यु हुन गएकोले 'सँगसँगै बाँचौं सँगसँगै मरौं' भन्ने वाचा बन्धन यथार्थ हुन गएको स्वीकार गरी हामी स्वयम्हरूले सन्तोष र सान्त्वनाको आदर्श उक्तिको अनुभव गर्न बाहेक अरू उपाय पनि देख्दैनौं अनि पाउँदैनौं पनि।

उदय यसअघि पनि एक डरलाग्दो वाहन दुर्घटनाका शिकार भएका थिए, सुकेपोखरीबाट फर्किंदा मारुति भेनमाथि हुरी-वतासले गर्दा बाटोमा रूख लड़ेको थियो। अन्य दुइको घटनास्थलमा मृत्यु भएको र उनको धेरै उपचारपछि स्वास्थ्यलाभ भएको थियो। यो सन् २००२ को घटना हो।

हाम्रा उदयको मृत्युसँगको लुकामारीमा भएको कुरा घरमा चर्चा गर्दा हाम्रो छोरा रमणले केही वर्षअघि भानिज निलाभको कुनै शिक्षण संस्थामा दाखिलाको लागि कोलकातामा छँदा एकदिन उनीहरू व्यस्त ट्राफिकमा सड़क पार गर्दा यी दुइ भाइले ता काटिहाले तर उनी भने फँसे। उनले केही फूर्तिसाथ विवेकपूर्ण निर्णय लिएर त्यहीं ठिङ्ग उभिरहे नत्र केही पलको अन्तर भए कुनै वाहनका चपेटमा पर्ने थिए होलान्। त्यहाँ उनी यसरी उम्केका थिए भने लगत्तै केही समयपछि सन् २००२ साल भ्रमणबाट सुकेपोखरीबाट फर्किंदा उपरोक्त



घटनामा उनी मृत्युको मुखबाट उम्केका थिए तर यो पालि ता मृत्युले उनलाई झुक्याएर नै लग्यो। उनी दुइको यति बिघ्न माया देखेर नै हो कि दुवैलाई सँगसँगै लगे।

औ भोलिपल्ट १७ अप्रेलको दिन सुनितादयको विवाहको ३३ औं वर्षगाँठ थियो।

**सुनितादय**

साहित्यतर्फ अनुरागी उदय समर्पित भएर पनि कुनै उपनाम अझ प्रचलित शौक अनुसार आफ्नो लागि उनले धारण नगरेता पनि उनी दुइमा यति प्रगाढ़ माया थियो कि उनले संयुक्त नाम 'सुनितादय' धारण गरी उपयोग गर्थे - पारिवारिक पत्राचारमा हामीसित।

स्वर्गीय बुवा जयशङ्करलाल श्रेष्ठको स्मरणमा हामीले बनारसबाट सङ्गमरमरको मूर्ति तैयार गराई स्थापना गर्दा उनीहरूले प्रस्तुत गर्नुभएको फ्रेम जड़ित उनलाई समर्पित स्वरचित कविता 'साष्टाङ्ग दण्डवत' मा 'सुनिलय, दार्जीलिङ' लेखेको पाउँछौं। तथापि यसपटक दार्जीलिङ छँदा उनको पुश्तैनी घरसँगै निर्माण गरेको घरलाई 'शुभश्री' नामले सुसज्जित पाउँछौं।

'सँगै बाँचौं सँगै मरौं' भन्ने एका-अर्काप्रति समर्पित प्रेमी युगल झैं सुनिता र उदय दुवै परस्परमा यति समर्पित भई प्रणय सूत्रमा बाँधिए कि विवाहको केही सालमा सायद पुत्ररत्नले अझ सुदृढ़ यी दुइ गाँसिए कि आफूलाई सुनितादय नाम ग्रहण गरेका थिए। के जन्मदिवस वा विवाहको वर्षगाँठ, के अस्वस्थता वा कुनै उपयुक्त अवसर आए परिवारजनलाई 'ग्रिटिङ्ग कार्ड' पठाएर आफ्नो शुभकामना व्यक्त गर्थे।

'सुनितादय' को मिलन कहाँ कसरी भयो र कता रिनाक एक सानो गाउँ अनि कता दार्जीलिङ त्यो ठूलो शहर! मुमालाई यो प्रश्न राख्दा आफ्नो पारिवारिक मित्र स्वर्गीय चन्द्रप्रभालाई (सुप्रसिद्ध लेखिका राधिका रायाकी बहिनी) सम्झिनुहुन्छ। उनका श्रीमान के.के. थापा लगभग १९६० तिर एउटा सहशिक्षकको हैसियतमा रिनाक स्कूल, पूर्व सिक्किममा कार्यरत भएकाले तिनताक हाम्रा स्वर्गवासी बुवा (प्रधान अध्यापक) सँग उनको सम्पर्क हुन पुगेको थियो। उदयका दार्जीलिङ सरकारी कलेजमा सहपाठी र पछि हिमूलमा सहकर्मी श्री सुभाष छेत्री र उनका दाज्यू 'कथाका कामधेनु' साहित्यकार श्री

शरद छेत्रीकी आमाकी बहिनी थापा गुरूआमाले सानैदेखि सुनितालाई देखी-चिनिआएकाले योग्य वरको लागि सुकन्या वरण-योग्य पाएकोले यो परिचय वैवाहिक सम्बन्धमा परिणत भएको पाउँछौं।

एका-अर्काका परिपूरक, सम्पूरक थिए 'सुनितादय' र यसै सुमधुर सम्बन्धले गर्दा परस्परमा कहिले खटपट, जुन एक परिवारमा सामान्य तौरले हुन्छ, नभएको मेरी श्रीमती रञ्जना बताउँछे - उनकी काठमाडौंमा भएकी दिदी सुशिलालाई फोनमा जहिल्यै पनि उनीहरूको फोन आएमा कुरा प्रारम्भ आदरसाथ 'दाज्यू ढोगें, भाउज्यू ढोगें' बाट सदैव गर्थे दुवै सुनितादयले - यस्तो स्निग्ध थियो हाम्रो स्नेह र मायाको बन्धन ती दुइसित!

घरको रखरखाव र निरन्तर त्यसप्रति समर्पित प्रयास हामीले अन्तिमसम्म हेर्न पाउँछौं। कुनै समय पानीको अभावग्रस्त त्यो गाउँमा अबउसो थिएन र टेङ्करको सुविधा उपलब्ध गरेका थिए। घर चिटिक्कै पायौं। यसभित्र ओढ्ने-ओछ्याउने र भान्साघरमा आवश्यक जिनिस टम्म राखेको अनि बाहिर घरमाथि र आँगनको फूलबारीमा प्रशस्त मात्रामा 'बर्ड अफ पेराडाइज', गुलाब र अन्य साथै 'स्वीट पी' जस्ता मौसमी फूल फुलेर ढकमक्क पाउँछौं अझैं।

कृषि, दूध र गाउँले जीवनसित यति आबद्ध थिए र यही निकट सम्बन्धले गर्दा हिमूलसित पूर्णरूपले समर्पित थिए। उनी सदैव के कसरी हुनसक्छ यी सबप्रति आसक्त भई आफ्नो सेवा मात्र नभई सम्पूर्ण जीवन नै यसैतर्फ होमेका थिए। चाड़बाड़ र अन्य अवसरमा हामीहरूमाझ हुँदा पनि आफ्ना परिचित कृषक-गोपालकहरू मोबाइलद्वारा बराबर सम्पर्कद्वारा उनीहरूको समस्या समाधान गर्न र हितका काम-कुरा गर्न समय निकाल्थे। यति मात्र नभई आफ्नो साथ भएका कुनै वस्तु अरूलाई आवश्यक नभई उपयोगी मात्र भए सो फुत्त निकालेर उपहारमा दिन्थे। सुनिता पनि गरीब-गुर्बाको सेवा र अनाथ-असहायहरूको लागि विभिन्न सेवा-समितिबाट केही न केही सेवा सहयोग बराबर पुऱ्याई सन्तोषसाथ धर्म पालन गर्थिन्।

परम्परा र रीति अनुसार उनी दुइका अस्तु विसर्जन आठौं दिनमा टिस्टा-रंगीतको दोभानमा जहाँ मृतदेह उद्धार गरिराखिएको थियो, ताः २३ अप्रेलको दिन बिहानै छोरा निलाभले विधिवत नदीमा प्रवाहित गरेर पञ्चतत्त्वमा विलीन हुनपुग्छन् सुनितादय।



**अतिथि सत्कार**

सन् २००२ मा दुर्घटनाका चपेटमा परेका उदय सिलगढ़ीको डा० चेङ्गको अस्पताल प्रधान नगरमा उपचाराधीन थिए। उनका एक परिवारजन त्यहाँ आउँदा मलाई त्यहाँ नपाएर भनेका थिए रे, "उदयले उसको लागि के कति गऱ्यो तर खै यहाँ उनी देखिँदैनन् त!" यो उदयको हाम्रो गुठीद्वारा प्रकाशित पुस्तकको बिक्री-वितरणबारे प्रयासहरूको सन्दर्भमा थियो। पछि सुनितादयले को कसको बाट के कति झेल्न पऱ्यो र जे जति सहन पऱ्यो त्यो ता उनीहरूको मनमा नै थियो र सँगै लिएर गए ती सब पीड़ा-वेदना तर कहिल्यै त्यसबारे मनोमालिन्यता वा कटुता हामीसित व्यक्त गरेनन्। पूर्वजन्मको कर्मको फल हो भनी आफ्नो भाग्यमा सो भएको ठानी स्वीकार गर्थे ती दुवै।

गान्तोक छँदा उनी हामीकहाँ आई अवश्य भेट गर्थे र अब ता सचिवालय यतै सरेको र उनको त्यहाँ जग्गा-जमीनको सिलसिलामा आउने काम बराबर परेकोले हामीसित भेटघाट गर्ने मौका अझ बढ़ेकोमा खुशी व्यक्त गर्थे। आफ्ना सन्तानहरू प्रायः सबैसित उनको सम्बन्ध-सम्पर्क मधुर थियो र सबसित भेटघाट गर्थे। अन्यथा सुनितादय दुवै नै आफ्नो सन्तानको प्यारो थिए।

यसपटक मृत्युले उदयलाई मात्र झुक्याएर लगेन तर साथसाथै सुनितालाई पनि लिएर गएको 'सुनितादय' को यथार्थ पनि यस मृत्युले बुझेको रहेछ, जानेको रहेछ। एका-अर्का बिना बाँच्न दोभर जिन्दगी बाँच्नु भन्दा अङ्गालेर जीवनको जीवनको सार्थकता स्वीकार गरी अनन्त यात्रामा लाग्नु हो।

मूलघरमा बसिआएकोले यसको मर-मरम्मत र देखरेख मात्र नभई माता-पिताको सेवा सुश्रुषाको सौभाग्य प्राप्त थियो। विरासतमा पाइएको धरोहर परिवार मात्रको आश्रय र गर्वको सम्पत्ति नभएर उदयका विस्तृत परिवारजनको लागि पनि एक तीर्थस्थल भएको थियो। उहिले सिक्किममा उच्च अध्ययनको सुविधा म्याट्रिकुलेशनसम्म मात्र सीमित रहेकोले गर्दा परिवारको धेरैजना यहाँ हरिदास हट्टामा आई बसी आफ्नो शिक्षा हासिल गरेको कुरा अझ पनि कतिपय सेवारत सन्तानको मुखबाट सुन्न पाइन्छ। ती सबको नाम स्थानाभावले गर्दा यहाँ दिइबस्न चाहन्नँ।

आफ्नो आभार-कृतज्ञता व्यक्त गर्न दशैंमा उदयका माता-पिताको हातबाट टीका थापी आशीर्वाद लिन र अन्य अवसरमा ती बराबर पुग्थे।

उनीहरूकै मुखबाट बुहारी सुनिताले सेवा सत्कारमा कुनै कमी आउन नदिएर विविध व्यञ्जन/परिकारले अतिथिहरूको सम्मान पुऱ्याएको यहाँ हामी सुन्न-बुझ्न पाएर सन्तोषसाथ गर्व गर्थ्यौं।

दार्जीलिङ सरकारी कलेजमा भर्ना लिएको ५० वर्ष भएको अवसरमा त्यहाँ एकपटक पुगी दर्शन गर्ने मैले अभिलाषा व्यक्त गर्दा उदयले मलाई मात्र नभई हाम्रा विधान मामा र भाइ विजयलाई पनि सँगै आई साथमा बिताइएका यौवनका ती दिनहरूको सम्झनालाई ताजा गरौं भन्थे। अब त्यो अवसर पनि हामी सबैले गुमायौं।

अहिले बुझ्नमा आउँदा सुनितादयको यो अतिथि सत्कार परिवारजनमा मात्र सीमित नरहेर त्यहाँ पुग्ने अन्यबाट पनि थाहा लाग्छ। उनीहरूको लागि पनि यो दम्पत्तिको आकस्मिक निधन खूबै दुःखदायी रहेको वर्णन गर्छन् सबै। सुनिता एक कुशल गृहिणी

**सुनिता एक कुशल गृहिणी**

गृहस्थी र कुशल गृहिणीमा हुनुपर्ने ज्ञान सुनितामा आफ्नी मुमाकोबाट नै पाएको हुनुपर्छ नत्र यो उ स्वयम्‌को अध्ययन, प्रयास र अनुभवले मात्र सम्भव भएको होइन। कारण मुमामा भएका ती गुण र शीप जस्तै घरमा भएको सामग्रीको सही र सठीक उपयोग गरी नष्ट हुन नदिई ठेगानमा लगाउनु पनि एक शिल्प हो। यो कुरा हामी हाम्री मुमाकोबाट सानैदेखि सुन्न-बुझ्न र हेर्न पाएर सिक्यौं मितव्ययता। यसको यो तात्पर्य थिएन कि कुनै कामकुरामा हात खुल्ला गरी खर्च नगर्ने। बरू उदारता साथै प्रशस्तता थियो हर  अवसर र उत्सवमा चाहे त्यो समाजको सेवामा होस् वा पारिवारिक कार्यक्रममा। जस्तो कि हामी सबैलाई यो थाहा छ कि त्यस प्रकारको विधि-व्यवहार दम्पत्तिको एक्लै प्रयास र इच्छाबाट सम्भव नभएको र पारस्परिक सल्लाह र अभिव्यक्तिबाट यथार्थको व्यवहारमा परिणत भई दुवैको बानी वा प्रकृति र प्रवृत्ति हुनजान्छ। यस कुरामा कुनै दुइ राय हुन नजाने मेरो अनुभव र ज्ञानले मलाई बताउँछ।

उसको पाककलामा ज्ञान वर्णनयोग्य छ नत्र यो रहर, अभ्यास र कोशिश नभए कुनै व्यञ्जन वा परिकार असल स्वास्थ्यकर र रूचिप्रद भोजनमा परिणत हुँदैन। परिवारको दैनिक उपयोगमा आवश्यक भोजन बाहेक विविध नेवार खानाका परिकार तैयार गर्नमा मात्र निपुणता र कुशलता



सुनितालाई प्राप्त थियो तर अन्य प्रकारका भारतीय वा विदेशी व्यञ्जन पनि तैयार गर्नमा दक्षता हासिल गरेकी थिइन्। त्यसरी नै पछि गएर दुवै शाकाहारी बनेकी सुनिताले मांसाहारी भोजन तैयार गरेकोमा उसको विशेषता खानाको स्वाद, रङ्ग र रूपमा हामी हेर्न पाउँथ्यौं। तर पनि हाम्रा उदय ज्वाइँ साहेब भाउज्यूको हातको खाना सधैं सदैव तारीफ गर्थे यद्यपि यो सेवा-सत्कारको अवसर हामी परिवारजनले सदा-सर्वदाको लागि गुमाएका छौं। यो रिक्तता जुन हाम्रो सानो सीमित संख्या भएको परिवारको लागि अपूरणीय क्षति हुन गएको छ त्यो शब्दहरूमा वर्णन गरेर यहाँ असम्भव छ।

उनको यस्तै प्रशंसाले नै सुनितामा पनि परिपक्वता आएको हो कि हामीलाई लाग्छ।

आफ्नो सन्तानको चिन्ता र सुर्ता सबै आमा-बाबुलाई झैं सुनितादयलाई पनि हुन्थ्यो। तर आफ्नो एक्लो छोरोको सामर्थ्यमा आश्वस्त थिए। अनेक कोशिश भएर पनि किन केही कामकुरा भनेजस्तो चिताएअनुसार अघि सर्न र बढ्न नसकेकोमा आफूलाई ग्रस्त पार्नुभन्दा अरू कामकुरामा आफूलाई व्यस्त राख्थे। बहिनी सुनिता आफ्नो प्रभुसेवा, गाउँ-समाजमा भजन-सेवा मण्डलीमा सक्रियतासाथ समर्पित रहेको हामी सदैव पाउँथ्यौं।

ईश्वर भक्ति र आराधनामा सुनितादय दुवै पूर्ण समर्पित थिए अनि पूजापाठमा आस्था आन्तरिक हृदयबाट थियो। साई भक्त पनि यी दुवै भएकाले इनको दैनिक जीवनचर्या यसप्रति आसक्त भई समर्पण गरेको हामीले देख्यौं। फलस्वरूप यी दुइको समाज सेवा र गतिविधिको विस्तृतता यसैमा प्रायः आधारित र समर्पित हुन्थ्यो। उदयद्वारा लिखित पुस्तक 'रूद्राक्ष' यसै अन्तर्गत श्री सत्य साई पुस्तक अनि प्रकाशन गुठी, दार्जीलिङ प्रकाशित भएको र समर्पण गरेका थिए। यस संस्थाद्वारा प्रकाशित त्रैमासिक 'साई युवा अभ्युदय' मा उनको रचनाहरू बराबर पठाई सेवामा लागेका हामी पाउँछौं। केही सालअघि सुनितादयले हाम्रा बुवा-मुमालाई पनि बहिनी अनिता र ज्वाइँ साहेब बालकृष्णलाई साथ लगी बेङ्गलुरू नजिक ह्वाइटफिल्ड पुट्टपर्तीस्थित प्रशान्ति निलयम आश्रम भ्रमण गराएका थिए।

यसअघि सुनितादयले यसरी नै बहिनी अनिता र ज्वाइँ साहेब बालकृष्णसँगै एकपटक बुवा-मुमालाई हाम्रो पैतृक जन्मस्थल बनारस तीर्थाटनमा लगेका थिए। वर्षौंअघि त्यहाँ 'उदय' को सम्पादक श्री दुर्गाप्रसाद श्रेष्ठको घरमा

छाड़िआएका केही अमूल्य धरोहर जस्तै, पितामह स्वर्गीय हरिशङ्करलाल श्रेष्ठका तस्वीरहरूसँगै धरोहरहरू ठूलो पलङ्ग र तिजोरी रिनाक घर पुऱ्याएका थिए। यी दुइ ज्वाइँहरूले अति परिश्रम र प्रयासद्वारा मात्र यो सुकार्य सम्भव हुन गएको कुरा बुवा-मुमाबाट थाहा पाएका थियौं। सिलगढ़ी आइपुगेर पितामहको रङ्गीन तस्वीरलाई फ्रेम लगाई ल्याएको यो चित्र हाम्रो परिवारको एक बहुमूल्य सङ्ग्रह भएको छ।

सन् १९६० तिर कान्छी बहिनी निवेदिता अमेरिका जाने बेलामा यी दुवै हाम्रा बुवा-मुमाका साथ गएर नेपाल तीर्थको लाभ मात्र नभई आफ्ना परिजनहरूसित भेटघाट गरी परिवारबाट गरिने एक महत्त्वपूर्ण भूमिकामा सहभागी भएर उपकार गरी हामीलाई कृतज्ञ बनाएका थिए सुनितादयले।

त्यसपछि बहिनी निवेदिता आफ्ना डेड़ वर्षीय छोरा विदितलाई लिई बुवा-मुमा भेटी उसको ससुराली भई फर्किंदा हामी काठमाडौं जाँदा बहिनी अनिता र सुनिता दुवै पनि आइपुगेर आफ्नो स्नेह मायाको परिचय दिएको सम्झना हामीसित अझ आलै छ।

अब यी दुइको अनुपस्थितिले हामीलाई अपूरणीय क्षति भएर सृजना भएको रिक्ततालाई यस सानो प्रयासद्वारा हाम्रो परिवारतर्फबाट माया, स्नेह, आदर र सम्मान व्यक्त गर्ने तुच्छ अभिव्यक्ति मात्र हो। यसअघि सन् २००३ मा हाम्रा बुवा र यस गुठीका संस्थापक स्वर्गीय जयशंकरलाल श्रेष्ठको स्मरणमा यस्तै श्रद्धाञ्जलि पुस्तिका अर्पण गरेका थियौं।

प्राण रहुञ्जेल आ-आफ्नो जीविका यापनमा लागिपरेका हामी मानवलाई यी यस्तै हुन् ती बाल्यकालदेखि मृत्युञ्जेल साँचिराख्ने माया, ममता र स्नेहका ती बहुमूल्य चिरस्मरणीय साथ बिताइएका रमाइला-नरमाइला, तीता-मीठा क्षणहरूको सम्झनाहरू जो आज सुनितादय अकस्मात हामीलाई छाड़ी जाँदा मानसपटलमा कुनै चलचित्र सरह एक-एक गरी उत्रिआउँछ र आँखाबाट केही थोपा आँसु चुहाई श्रद्धाञ्जलि स्वरूप अर्पण गर्न मात्र सक्छौं। दिवङ्गत आत्माहरूको चिर शान्तिको लागि उनै परमेश्वरसित आन्तरिक हृदयसित प्रार्थना गर्छौं।





# 'तरूण तपसी' मा कवि लेखनाथको अद्‌भुत कल्पना र विषयवस्तु

कवि शिरोमणि लेखनाथको 'तरूण तपसी' २०१० सालमा प्रकाशित भयो। तरूण तपसी नाट्य काव्यको रूपमा नेपाली साहित्यलाई दिएको एउटा देन हो, यसले नेपाली साहित्यलाई उच्च स्तरमा पुऱ्याउने कठिन परिश्रम गरेको छ।

तरूण तपसीमा ठेट नेपाली शब्दहरूको प्रयोग नभएर संस्कृत, हिन्दी, नेपाली र अन्य शब्दहरूको सम्मिश्रण पाउँछौं। छन्द भङ्ग नहोस् भन्ने धारणाले नै कविको भाषामा आफ्नो मनपरी गर्ने धृष्टता राखेका हुन्। यसैले छन्द योजनामा एउटा शब्दले अर्को शब्दमाथि बुई चढ़ेको छ। तरूण तपसीमा पनि भाषाको यस्तै सजावट छ तर भाषाको चाँजो मिलाइले गर्दा शैलीमा खोट छैन यद्यपि शैली केही मात्रामा एकोहोरिएको छ। तरूण तपसीको भाषा घासमिसे भए पनि सरल छ। यसको गहनता पनि भाषाको चमत्कारले गर्दा बुझ्न उति गाह्रो पर्दैन। छन्दको स्त्रोत अविराम छ तर एउटै प्रकारको छन्दमा (शिखरिणी) कविता ढालिएकोले कवितामा थेरथोर चासो लिँदा दिक्क लाग्छ। भानुभक्तको रामायण जस्ता यसमा बहुमुखी छन्दहरूको प्रयोग भए सुनमा सुगन्ध हुने थियो होला। छन्दको एउटै प्रयोग र संस्कृत शब्दहरूले गर्दा कविता अलिक प्राचीन ढङ्गको जस्तो लाग्छ तर छन्दले गर्दा त्यहाँ संगीत छ, लय छ र तरूण तपसी पढ़्दा हामीलाई सरासर नपढ़ेर बिसाउँदै पढ़्न मन लागेता पनि त्यहाँ संगीतको ध्वनि छ। विषय वस्तुमा नवीनता र गहनता झल्कन्छ। एउटै विषय वस्तुको केन्द्रलाई लिएर कविले आफ्नो विचारको ताँतोले विशाल परिधि कोरेका छन्। जुन परिधिले मानको प्रत्येक प्रतिक्रियालाई छोएको छ। वहाँको विषय वस्तुको चुनाउमा कुनै प्रकारको शंका छैन। वृक्षलाई तरूण तपसीको रूप दिएर कविले हामीलाई त्यसको साँचो परिचय देखाउनु भएको छ। कविले आफ्नो कल्पना शक्तिले तपसीलाई वाक्‌शक्ति प्रदान गरेका छन्। त्यसैले तपस्वी आफै बोलेको भान हुन्छ। कविले विषय वस्तुलाई साकार रूप दिएर ठोस बनाकेआ छन्। उपमा परिष्कृत ढङ्गको हुनाले कवितामा श्रृंगार रस समावेश छ। यसका विषय वस्तुमा यथार्थवादको पुट छ। कैयन् घटनाहरू हाम्रै अघि घटिरहनाले आफ्नो जीवनमा घटेका र आफूले देखे सुनेका छन्। यसैले तिनमा सजीवता छ। अत्याधुनिक युगको सिद्धान्त साम्यवाद र मार्क्सवाद जस्ता लिएर कविले आधुनिकता ल्याए पनि त्यहाँ मानव जीवनको कर्त्तव्यको शान छ; यसैले तरूण तपसी उपदेशात्मक छ भन्न अत्युक्ति नहोला।

तरूण तपसीमा कविको दर्शन चरमसीमामा पुगेको छ किन कि कविको दर्शनले सम्पूर्ण रूपमा पोखिने सुअवसर पाएको छ। यस कवितामा कविको दर्शन परोपकार या सेवाको भावनाले ओतप्रोत छ। साथै यथार्थवाद र वेदान्तवाद पनि झल्कन्छ। कविले वृक्षलाई तरूण तपसी बनाएर आफ्नो दर्शनको दक्षताको परिचय दिनुभएको छ। वृक्ष आफ्नो कविता दार्शनिक ढङ्गले भन्दछ। यस कवितामा हजारौं दुःख कपट सहेर हुर्केका रूखको फलमाथि केवल बलिमा बाङ्गाहरूकै अधिकार भएको देख्दा त्यस फलवृक्षलाई ती दीन-दुःखीहरूमाथि टीठ लागेर आफ्नो जट्टामा फलले पूर्ण होस् भन्ने आकांक्षा राख्न। तर भावना पनि दुइ किसिमका मौरीहरू झैं विभाग हुँदा वृक्षलाई दुःख लाग्छ। कविको यस प्रकारको साम्यवादी विचारको संकेत मान्छेको कृपणतामाथि र संकीर्णतामाथि छ। वास्तवमा यी प्राकृतिक तत्त्व कसैको दावा होइन, सबैको यसमा बराबर हक छ। तर बलिया मानवहरूले दुर्बल मानिसहरूमाथि आफ्नो अधिकार जमाउँछन्। जसको शक्ति उसैको भक्ति भन्ने कथनलाई आड़ दिँदछन्। मानव-समाजमा परोपकारको भावना छैन। परोपकार हाम्रो तपस्या हो जो जीवनको दीर्घ अवधिपछि पाइने मोक्षको पथ हो। जीवन सफलीभूत बनाउनु हो भने हामीमा दुःखको भऱ्याङ उक्लने साहस हुनुपर्छ। जीवनमा सबैले एका-अर्काको प्रेम पाउन् यसैमा सबैको जागरूकता झल्कन्छ। यस्ता वेदान्तवादी दर्शन दिएर कविले तरूण तपसीको मुखबाट आफ्नो भाव व्यक्त गर्नुहुन्छ। कविको दर्शनमा आदर्श खड़ा भएको छ। जुन आदर्श मानव जीवनको गहना हो। कविको भनाइमा यथार्थता छ, जसले गर्दा वहाँको भावनामा केवल कल्पनाको उड़ान छैन। तरूण तपसीमा ईश्वरप्रतिको अन्धविश्वासी धारणामाथि व्यंग्य प्रकट गर्दछन्। मानिस केवल

बाहिरी सभ्यताले गर्दा आफूलाई सर्वस्व सम्झने भूल गर्दछ। तर जबसम्म विद्या बुद्धिको राँकोले मन मस्तिष्कको तिमिर हटाउन सकेको छैन भने त्यसलाई कसरी सभ्य सुसंस्कृत भन्ने? अन्धविश्वासले मानिसलाई तुच्छ रूपमा पुऱ्याउँछ त्यो यस कवितामा पाइन्छ। कविको भावना विद्रोह गर्छ तर यस संसारको गहन चिन्तनपछि कुनै वृक्षमा अल्झेर चुर भए जस्तै मानिसको जीवन छ। मानिस जिउँदो होउञ्जेल स्वार्थताको प्रश्न उठ्छ। तर पछि मानवको आकांक्षा अन्धकार चिन्ताको धुवासँग आकाशको शून्यतामा बिलाउँछ। खरानीको रासमा मानिस पहरिन्छ। जीवन स्वप्नमय क्षणिक छ। निःस्वार्थ प्रेम र कर्म नै हाम्रो अस्तित्वको गहना र बाँच्ने प्रेरणा हो। परार्थ प्रेममा आत्माको मोक्ष र शन्ति छ भन्ने भावना दिएर कविले दर्शन प्रस्तुत गरेका छन्।

तरूण तपसी सम्बन्धी लेखनाथलाई बालकृष्ण समले यसो भनेका छन् - ''लेखनाथले नेपाली भाषाको ऋण तिरे, तर यो कुरा कविको कानमा नपरोस्, कविलाई चाहिँ लागोस् - म अझै ऋणि छु।! उनी त्यो वृक्ष जस्तो बनुन्, जुन नढली फल दिन छोड्दैन। हामी रस स्वादन गर्न पाइरहौं, उनी चाहिँ सदैव हरिया, तरूण र चिरञ्जीवी होऊन्।''

**'उदय' पूर्णाङ्क १२३ जनवरी, २००६**






**उदयचन्द प्रधानको निबन्ध**

# रूद्राक्ष

दैविक शक्तिव्याप्त वृक्ष रूद्राक्ष हामी प्रायःले देखेका छौं, प्रायःले देखेका छैनौं। विभिन्न परिवेशमा हामी बसेका हुनाले नै प्रायःले यसको नाम र गुण मात्र सुनेका छन् भन्नुमा दुइमत नरहला। अनुसन्धानअनुसार ३६० थरिका रूद्राक्षको वृक्ष विश्वको विभिन्न स्थानहरूमा मधेश-तराईदेखि पहाड़ी हिमालय क्षेत्रसम्ममा यो पाउन सकिन्छ। विश्वप्रख्यात वनस्पति डा० विलियम रक्सवर्गको भनाइअनुसार नेपाल, इण्डोनेशिया, मेण्डान्सर, तिब्बत, जापान, थाइल्याण्ड, मलेशिया, अस्ट्रेलिया, दक्षिण चीन, हवाई र भारतमा प्रायः पाइन्छन्। वनस्ति विज्ञानले यसको नाम *Elacoarpus Ganitrus Rox 'B'* भनी परिचय दिएको छ। अंग्रेजीमा *Uttarasum Bead* भनिन्छ। भारतमा यसको परिचय वैदिक कालदेखि नै भएको पाइएको बुझिन्छ। हिन्दूशास्त्रअनुसार दैविक शक्तिद्वारा सृष्टि भएको वृक्षहरूमध्ये ब्रह्मको संकल्पबाट भगवान् शिवको अश्रुको रूप रूद्राक्षमा परिणत भएको शिवपुराणबाट बुझिन्छ। शिव पुराणमा रूद्राक्षको सृष्टिसम्बन्धी यसरी वर्णन गरिएको पाइन्छ - असुरराज त्रिपुरासुर नामक शक्तिशाली दानवले देवी-देवताहरूका अपमान अत्याचार गरेको देखी भगवान् ब्रह्मा र विष्णुले देवी-देवताहरूको रक्षाको निम्ति मृत्युञ्जय भोलेनाथ शिवलाई विन्ती गर्नुभयो। भगवान् ब्रह्मा र विष्णुको यस्तो विन्ती सुनेपछि भगवान् शिवले ध्यान दृष्टिद्वारा अधारे नामक शस्त्र (निहत्या शस्त्र) सृष्टि गरी एक हजार वर्षसम्म असुरराज त्रिपुरासुरसँग युद्ध गर्नुभयो। एक हजार वर्षसम्म शिवजीले आँखा बन्द नगरी घमाशान युद्ध गरी त्रिपुरासुरको दमन गर्नलाई देवी-देवताहरूको प्राण रक्षा गर्नुभयो। एक हजार वर्षसम्म युद्ध गर्दा उग्र र सौम्य रूप धारण गरेको समयमा बन्द नभएको अक्ष (आँखा) बाट अश्रु (आँसु) भूमिमा खस्दा अश्रुलाई मानव कल्याणको निम्ति दैवीरूप धारण गरी वृक्ष भई उत्पत्ति हुनु भनी आदेश हुँदा रूद्राक्ष वृक्षको सृष्टि भयो। स्कन्द पुराणमा पनि रूद्राक्षको उत्पन्नबारे यसो भनिएको पाइन्छ - भगवान् शिव ध्यानदृष्टिद्वारा तपस्यामा बस्नुहुँदा आफ्नो भक्तजनले धेरै विघ्न बाधाहरू भोगिरहेको हेर्नपर्दा मानव कल्याणको निम्ति आफ्नो आँखाबाट दया-मायाको

अश्रु सृष्टि गरी भुइँमा परेको अश्रुबाट नै रूद्राक्षको सृष्टि भयो भन्ने कथन पाइन्छ।

विभिन्न पुराणको अध्ययनअनुसार ३८ प्रकारका रूद्राक्ष प्राप्त गरिएको अनुमान गरिन्छ। सूर्यको आँखाबाट १२ वटा सेतो रंगको, चन्द्रबाट १६ वटा उज्यालो रातो, पहेंलो रंगको, अग्निबाट १० वटा कालो रंगको (श्याम वर्ण) भनी शिवपुराणमा भनिएको छ। शास्त्रअनुसार सेतो ब्राह्मणहरूको निम्ति, उज्यालो रातो क्षत्रीयहरूको निम्ति, पहेंलो वैश्यहरूको निम्ति र कालो शुद्रहरूको निम्ति भनी शिवपुराणमा पाइन्छ।

हिमालय क्षेत्रमा रूद्राक्षको वृक्ष र यसको वर-विजन पाइन्छ, यसको वरविरूपा फैलाउन सकिन्छ। रूद्राक्ष वास्तवमा एउटा फलको वृक्ष हो। यसको अनेकौं गुण आध्यात्मिक जगत्मा मात्र होइन बौतिक वैज्ञानिक चिकित्सा जगत्मा पनि यो पूज्यनीय प्रशंसनीय र लाभदायक मानिन थालेका छन्। रूद्राक्ष अतुलनीय शक्ति, अनुपम दिव्यज्योति लिप्त अद्वैत र अभिनन शिवशक्तिले अनुबन्धित छ। विभिन्न आजतका रूद्राक्ष विश्वको विभिन्न स्थानहरूमा पाइएता पनि मुख्यरूपमा जावा, सुमात्रा, इण्डोनेशिया, नेपाल, मलायामा पाइने रूद्राक्ष बहुमूल्य ठहरिन्छ।

रूद्र शब्दले धार्मिक, प्रचण्डकारी, सदृश्यरूप भनी शिवको अंश चरित्र बुझ्दछौं अरूद्र शब्दले सौम्य समाविष्ट गुणकारी, अन्तर्शक्ति सम्भव शिवको गोप्य रूप बुझ्दछौं जो कहिल्यै नाश हुन सक्दैन यी दुइ दैविक गुणले व्याप्त वृक्षलाई रूद्राक्ष भनिएको भनी भन्न सकिन्छ।

हिन्दू शास्त्रमा रूद्राक्षको दानालाई (फललाई) तीन भागमा विभक्त गरी ब्रह्मा, विष्णु र महेशको रूप दिइन्छ। माथिल्लो भाग (मुहानलाई) ब्रह्मा, मध्य भाग विष्णु र तल्लो भाग महेश भनी मानिन्छ। साधारणतः दाना (भागबाट) दानाको गुण र महत्त्वको मूल्याङ्कन यसको मुखीबाट (भागबाट) गरिएको छ। रूद्राक्ष एकमुखीदेखि एक्काइसमुखीसम्म हुन्छ। मुखी अथवा बिनामुखी (भाग) पनि पाइन्छ जसलाई एकमुखीसँग तुलना गर्न सकिन्छ यसलाई गुप्तमुखी पनि भनिन्छ, पाउन गाह्रो छ।

रूद्राक्ष धारण -

“रूद्राक्ष धारये - मूछिर्ण कठे सूत्रे करेङथवा
सुवर्ण मणि सभिन्नं शुद्ध नान्थैधृंत शिवम्



नाशु विधरिथेदक्षं सदा भकत्थेव धारयेत्,
पुण्य लोकं गभिष्यन्ति पुनरावृत्ति दलभम्।।”

अथवा

“रूद्राक्ष शिर, काण्ड, हात बाहुमा धारण गर्नु। स्वर्णले जड़ित गरेको रूद्राक्ष शुद्ध हुन्छ। अवला तथा अन्य केही मिलाएर रूद्राक्ष धारण नगर्नू। रूद्राक्षको वृक्षबाट बहेको वायु सेवनले पुण्य प्राप्त हुन्छ र पुनर्जन्म हुँदैन।”

विभिन्न मुखी रूद्राक्षहरूमध्ये एकमुखी, बिनामुखी (गुप्तमुखी) रूद्राक्ष सर्वश्रेष्ठ मानिएको छ। मुखीहरूमध्ये पाँचमुखी रूद्राक्ष पञ्चतत्त्वले समावेश गरिएको हुनाले यो मानव कल्याणको प्रयोगको निम्ति आशीर्वादस्वरूप प्रायः उपलब्ध छ। प्रत्येक मुखीको आ-आफ्नै मन्त्र छन्। मन्त्र जपेर शुद्ध भएर सकारात्मक चिन्तन, मनन र आध्यात्मिक विधिविधान गरेर मात्र रूद्राक्ष ग्रहण गर्नुपर्छ भन्ने आध्यात्मिक विद्वान्को बनाइ छ।

एकमुखी रूद्राक्ष - एकमुखी रूद्राक्ष शुभमंगलम सम्पन्न सौभाग्यपूर्ण, वैभवशाली, परोपकारी मानिएको छ। नेपाल र इण्डोनेशियामा यो पाइने गर्छ। नेपालमा पाइने एकमुखी रूद्राक्ष १० मिलिमिटरदेखि १५ मिलिमिटरसम्म हुनेछ। यसको आकार गोल नभएर केही मात्रामा चेप्टो हुनेछ। इण्डोनेशियामा पाइने रूद्राक्ष सानो चामलको दाना जस्तो आकारमा प्राप्त हुन्छ। एकमुखी पाउन दुर्लभ छ। धेरै वर्ष अघिदेखि नै असल व्यापारी, अनुसन्धानकर्ताहरूले यो पाउन सकेका छैनन्। शास्त्रानुसार यसको रंग हलका पहेंलो (सुनौलो) हुन्छ। पुराना-पुराना आश्रण साधु-सन्त अथवा राज घरानाहरूमा यो पाइन्थ्यो। सर्वशक्तिमान भगवान् शिवद्वारा आशीर्वाद सम्पन्न भएको एकमुखी रूद्राक्षको धारणले मानिसको जीवनमा चैतन्य दिव्यशक्तिको प्रभाव पर्दछ। एकमुखी रूद्राक्षसम्बन्धी विभिन्न प्रकारका पूर्वधारण पूर्वानुमान मान्यता दिएको पाइन्छ। पाँच या दश वर्षमा एकपल्ट कुनै एउटा चोखो दाग नपरेको वयस्क वृक्षबाट मात्र एक दाना फल्नसक्छ (कोही एक वर्षमा दस दाना पनि भन्छन्) अथवा तीन वर्षमा एक रूखबाट एकमुखी तीनवटा फल्नसक्छन्। यस्तो भएमा दैवीशक्तिद्वारा पाकिसकेपछि एक दाना भूमिमा स्वयम् प्रवेश गर्छ अर्को दाना नेपाल महाराज (विष्णु अवतार) कहाँ पुग्दछ, तेस्रो दाना अल्पिएर निरूद्देश्य हुन्छ विश्वास गरिन्छ महाशिवरात्रीको रात पशुपति नाथ मन्दिर काठमाडौंमा शिवप्रसाद लड्डुभित्र यसको वास हुन्छ र पवित्र भाग्यवान पुण्य भक्तले मात्र

यो प्रसाद प्राप्त गर्नसक्छ भन्ने ठूलो विश्वास अझसम्म पनि छ। एकमुखी रूद्राक्षलाई सदैव सूर्य किरणबाट शक्ति प्रदान गरिएको हुन्छ। नकारात्मक लक्षण, क्रियाकलापहरू सबै नष्ट गरिदिने क्षमता यसमा हुन्छ। यसको पहिरनले साई आँखा, कलेजो, छालाको रोग, ब्रेनको रोग, मानसिक दुर्बलता नष्ट गरी मानसिक र शारीरिक वृद्धि गराउँछ। मानिसको गुण, कला र योग्यतालाई क्षमता प्रदान गरी संघ, संस्था, समाजमा आफ्नो नेतृत्वको योग्यतामा वृद्धि गराउँछ।

सबै वयस्क स्त्री-पुरुषले यो पहिरन सक्छ। पहिरन गर्न नसके घरको पूजाकोठा या शुद्ध स्थानमा राखी पूजा गरी धार्मिक कल्याणकारी संकल्प गर्नुपर्छ।

**विशेषता**

एकमुखी रूद्राक्ष चोखो चामल (ढिकीले कुटेको), एउटा बर्तन (काँस) मुनि राखे एक रातमा यो चामलमाथि पाइन्छ। बेलपत्तामुनि राखे रातभरिमा यो बेलपत्तामाथि पाइन्छ भन्ने नेपालमा जनसाधारणको विश्वास छ। यसले धनी, वैभवशाली, प्रतापी बनाउँछ। काठमाडौंको पशुपतिनाथ मन्दिरमा रहेको एकमुखी अद्वितीय रूद्राक्ष मानिएको छ। नेपाल भूमिमा पाइने वृक्षमा मात्र एकमुखी रूद्राक्ष पाउन सकिन्छ भन्ने धारणा छ। नेपालमा एकमुखी रूद्राक्षको व्यापार निषेध छ। नक्कली रूद्राक्ष पनि असली भनी व्यापारमा भेटाए कारावासको सजाय नेपाल ऐनले बताएको छ।

मन्त्रानुसार यसको धारण गर्नाले ब्रह्मज्ञान प्राप्त गर्न सकिन्छ भन्ने पण्डितहरूको विश्वास छ। ब्राह्मणको हत्या गर्दा जति पाप भोग्नुपर्छ यसको पहिरनले पाप नाश गर्छ भनी शिवपुराणमा भनिएको चन्द्रकार ढङ्गमा परिणत हुँदछ भनी शिव पुराणमा भनिएको छ।

चन्द्रकार रूद्र - मुखीमुखी चन्द्रकारस्वरूप रूद्राक्ष पनि पाउन दुर्लभ छ। यसलाई पनि एकमुखीकै गणना गरिन्छ। एकमुखी जस्तो मूल्यवान नरहे पनि यसलाई एकमुखीकै दर्ता मानिन्छ।

**मन्त्र**

ओम हिम नमः (शिव पुराण)

ओम ओम दर्सवान नमः (महर्नभा)

ओम रूद्र (पद्म पुराण)

ओम नम शिवाय (मृत्युञ्जय मन्त्र ब्रह्मजलोपनिषद्)

उपर्युक्त मन्त्रमा कुनै एक मन्त्र सदैव पठन गरी एकमुखी रूद्राक्ष पहिरन सकिन्छ। मानव शरीरमा / जीवनमा रूद्राक्षको प्रभाव विभिन्न पुस्तकहरूको माध्यमबाट निम्नरूपमा यसको प्रयोग र प्रभाव देखिन्छ -

| | **उद्देश्य (समस्या)** | **धारण गर्नुपर्ने रूद्राक्ष** |
|---|---|---|
| १. | घरेलु / घर बाहिरको सम्बन्ध बिग्रिए | दुइमुखी (नेपाल) अथवा गौरीमुखी |
| २. | जीवनभरि सधैं समस्याहरूले सताए | आठमुखी / ११ मुखी / १६ मुखी |
| ३. | नोकरी, काम कार्वाईमा विशेषताको बुद्धि चतुऱ्याइँको खाँचो परे | १३ मुखी / छःमुखी / पाँचमुखी |
| ४. | विचलित मन / मानसिक रोग | चारमुखी |
| ५. | चिन्ता, सुर्ता अनियमितता | १० मुखी |
| ६. | उचित प्रशासन क्षमता | १२ मुखी |
| ७. | ईर्ष्या / डाह / जलनबाट छुट्कारा | १० मुखी / ११ मुखी |
| ८. | दुर्घटना डर एक्लोपनदेखि जोगिन | नौमुखी / १० मुखी / ११ मुखी मिलाएर |
| ९. | विवाह, सुखी वैवाहिक जीवन | दुइमुखी साथमा गौरीशंकर |
| १०. | शत्रु नाश | १६ मुखी |
| ११. | चिट्ठा / लटरी / व्यापार उन्नति | १७ मुखी / १४ मुखी |
| १२. | उच्च शिक्षा / स्मरण शक्ति वृद्धि, स्वास्थ्य | चारमुखी |
| १३. | उच्च रक्तचाप / मधुमेहबाट छुटकारा | छःमुखी। |

**'हिमालय दर्पण' ५ अक्टोबर, २०१०**

# कवि भानुभक्त

गिरदै गई लुप्त भई रहेकी
कुना कुनामा छरी फ्याँकिएकी
पवित्र पूज्य जन मातृभाषा
पुकार्ने को हो? को हो? -कवि भानुभक्त।
घाँसी र ग्वालाहरूमा नचाई
कनी र कुथी छन्दमा जँचाई
गरेर उद्धार सुसार जातिको
उठाउने को हो? को हो? -कवि भानुभक्त।
बधुशिक्षा र भक्तमालाको
ज्ञानप्रज्ञान र सत्कार अतिथिको
रामायण हाम्रो प्रश्नोत्तरीमाला हाम्रो
दर्शाउने को हो? को हो? -कवि भानुभक्त।
सात काण्ड रामायण र रामगीता लेखी
सप्तरंगी इन्द्रेणीले चकित पारे झैं
बुझ्याउने को हो? को हो? -कवि भानुभक्त।

**'उदय' पूर्णाङ्क १२६ अक्टोबर, २००६**



# गुरू महिमा

शंख ध्वनिको प्रतिध्वनिले
वातावरण शुद्ध र निरोग हुन्छ भने
गुरू गुरूमाको महिमाले
मेरो अचेतन ज्ञान चेतन बनिदिन्छ
अपरम्पार गुरू शिक्षाको सामु।
यसैले मेरो साष्टाङ्ग प्रणाम पनि
महाभारतको दुर्योधन बनिदिन्छ
भक्ति र सेवा बनिदिन्छ मूल्यहीन
म झुक्न बाध्य हुन्छु
अपरम्पार गुरू शिक्षाको सामु।
एकलव्यको प्रबल औंला
गुरू दक्षिणामा बलि भएजस्तै
सत्य र प्रेमको थैली बनी म
गुरू दक्षिणामा बलि बनी दिन्छु
अपरम्पार गुरू शिक्षाको सामु।
तब त संस्कार दोहोरिन्छ
वेद पुरान महाभारत भएर
कृष्ण-अर्जुनको प्रेम शिक्षा बनी
बिदुर संजय जस्तै हिमालय बनी
अपरम्पार गुरू शिक्षाको सामु।
यसैले हामी नयाँ नारा लगाऊँ
गुरूदेव भव
गुरू ब्रह्म गुरू विष्णु
गुरूदेव महेश्वर
गुरू साक्षात परम ब्रह्म
तस्मै श्री गुरू देवायनमः।।

**'उदय' पूर्णाङ्क १२७ जनवरी, २००७**

# ऐना

ब्रह्मसत्यको रूप यो ऐना
छर्लङ्ग छ्याङछ्याङ्ती र निडर
सूक्ष्मदेखि भयानक रूप यो ऐना
बालुवाको कण-कणमा पाउँछु म ऐना।

आफू फर्केर पछि हेर्नै नपर्ने
ऐनाको निःस्वार्थ सेवा प्रतिच्छायाको
मानव, पशुपक्षी, कीटपतङ्गलाई पनि
छैन भेदभाव कत्ति पनि।

ऐना टुक्रिएर सानो भयो त के भो
आँखै आँखाले पनि देख्न नसक्ने
चुम्बकीय शक्ति पनि हार मान्ने
छिया छिया पारिदिन्छ मुटुको ढुकढुकी यसले।

पापी, आडम्बरी कलङ्क चित्रण पनि
छर्लङ्ग पारिदिने क्षमता भए ऐनाको
कुन चराको नाम हुने हो न्याय अदालतको
प्रभुको दरकार नै छैन जगत्मा जस्तो।

ऐना रहेछ भनी चिनापर्ची नहुँदा
झम्टिन्छ नेरो बुलडग र सिर्किने भाले
झम्टी भुक्दा फुट्छ ऐना छर्लम्म
हेर्छ चुप भई बुलडग र भालेलाई।

कर्त्तव्यपरायणको धैर्य कस्तो
निर्जीव ऐना भएर पनि
धिक्कार छ ऐनाको तुलनामा
जीवित जनलाई श्रेष्ठ जुनी पाएर पनि।

**'उदय' पूर्णाङ्क १२६ जुलाई, २००७**



# थकाई मार्न बिर्सिएछन्

सत्संगको दौड़मा दौड़ँदा दौड़ँदै
थकाई मार्न पनि बिर्सिएर
थाकेर बसेका धर्म संग्रामीहरूको
झझल्को यादमा थकाई मार्न नै बिर्सन्छन्
हाम्रा युवक युवतीहरू।
थकाई मार्न पनि नपाइने
कस्तो यो विरासतीय संस्कार
भक्तगुरूजनको महिमा हेर्दा
धर्म गुरूको कर्मले होला थकाई मार्न नै बिर्सन्छन्
हाम्रा युवक युवतीहरू।
कस्तो संग्राम यो चित्तै नबुझ्ने
थाक्छु अब त भनी सोच्नै नपाइने
कसै कसैले हाम्रो स्वतन्त्र संस्कार पनि
खोसी लान्छ कि भन्छन्
भन्दा भन्दै थकाई मार्न नै बिर्सन्छन्
हाम्रा युवक युवतीहरू।
छर छिमेकीको संघर्ष विवाद
बुझ्नै गाह्रो देश विदेशी तर्क वितर्क
प्राण भन्दा स्वदेश धर्म अझ ठूलो
भन्छन् वसुधैव कुटुम्बकम्को नारा नै ठूलो
बुझ्दा बुझ्दै थकाई मार्न नै बिर्सन्छन्
हाम्रा युवक युवतीहरू।
सूर्य नै ॐ कारको सृष्टिदेव हो
अद्वितीय सेवा सूर्य तिम्रो निरन्तर
छैन भेदभाव पनि सृष्टि जगत् प्राणी भरी
अलौकिक चित्र हेर्दा हेर्दै थकाई मार्न नै बिर्सन्छन्
हाम्रा युवक युवतीहरू थकाई मार्न नै बिर्सन्छन्।

**'उदय' पूर्णाङ्क १३१ जनवरी, २००८**

# विम्ब प्रतिविम्बहरू

झल्कन्छ आमा तिम्रो प्रतिविम्ब
हर्षित अश्रुप्रेम प्रसव वेदनाको
मेरो आँखाको चोखो रानीमा अनि
मेरो जन्मको प्रतिविम्ब चाहिँ तिम्रो आँखाको नानीमा।

झल्कन्छन् मेरो अन्य धेरै प्रतिविम्बहरू
आमा तिम्रो हर्षित नयनमा अश्रुभरि
वार्तालाप हुन्छ निःशब्दतामा दुवैको
अरू विम्बहरूको छैन स्थान यहाँ।

झल्काउन खोज्छु यस्तै प्रतिविम्बहरू
निरन्तर परमात्माको नयनमा पनि
दर्शन त्यसैको गर्न खोज्छु, साँझ-बिहान भरि
विम्बहरू झल्कन्छन् उनको नयनमा।

थाक्छ आँखा लरबरिन्छ गोड़ा
सुक्छ घाँटी, भजन-सत्संगको दौड़मा
तर भजन सत्संगमा धरी छैन
स्थान कुनै भक्ति र अक्रप्रेमको।

झल्कन्छन् असंख्य प्रतिविम्बहरू
असंख्य नयनहरूमा सधैं
तर पाउँदिन जीवनको त्यो प्रतिविम्ब
आमा र मेरो फगत फेरि भेट भएमा पनि।

नरहोस् कुनै विन्दु पनि अन्यान्य प्रतिछायाहरूको
केवल परमात्माको निवास होस् यो पनि।

**'उदय' पूर्णाङ्क १४० जून, २०१०**



# मलाई थाहा छैन

झुक्नै नसक्ने टाकुराहरूको शिर
स्वच्छ सुन्दर अनुपम शिरोमणि हिमाल
विस्तार विस्तार पग्लन अब बाँकी छ
सायद टाकुराहरू प्रकृति प्रकोपले धस्किएर हो
मलाई थाहा छैन।

रीस राग कपट केही छैन विछिन्नवादी शिखर तिमी
प्रेम स्वरूप निष्कपट वीर शिखर
चिन्तित भई उदास भई रहेछ
सायद टाकुराहरू छलकपटको प्रकोप हो
मलाई थाहा छैन।

अग्निले रापिएको इस्पातको ढिका
पग्लिएर तरल नयाँ साँचोमा परे जस्तो
शीतल हिमकृत तरल पानी पनि उम्ली रहेछ
सायद सृष्टिको विनाश निश्चय छ भनेर हो
मलाई थाहा छैन।

मधेश-तराई गंगा-यमुनाको मुहान तिमी
न्यायाधीश वीर पराक्रमी शान्त शक्तिशाली
पागल बनी ताण्डव प्रकोपकारी बन्न बाँकी छ
सायद गंगा-यमुना सागर-महासागर धमिलिएर हो
मलाई थाहा छैन।

क्षण क्षणमा प्रसन्न-अप्रसन्न भई सृष्टि-संगारकर्त्ता
विस्तार विस्तार भई सक्यो स्वयं प्रश्नकारी
सायद अद्धितीय ज्ञान अघि अहम् विज्ञान देखेर हो
मलाई थाहा छैन।

युद्धभूमि भयो विश्व ब्रह्माण्ड हार-जीतको
अबुझ संघर्ष-संग्रामी सबै सबै
सायद सत्कर्म, धर्म, प्रेम, सत्संग युद्ध बाहिर भएर हो
मलाई थाहा छैन।

नष्ट भयो पथभ्रष्ट पनि विपरीत कक्षीले
प्रभाव बढ्यो अझ यसको पर्यावरणमा पनि
अब शंखनाद गर्न बाँकी छ मृत्युंजय महारूद्र पनि
सायद गायत्री मन्त्र बिर्सन खोजेर हो
मलाई थाहा छैन।

**'उदय' पूर्णाङ्क १४४ अप्रेल, २०११**

---

# काशीबहादुर र उदय

साहित्य धरोहर शहर वाराणसी
प्रसिद्ध अनुपम वैदिक वैभवशाली
छैन किञ्चित पनि कमी चौखम्भा उदयको
बनिसक्यो धरोहर जन्मदाता नेपालीको
साहित्य प्रतिभा बहादुरी चिनारी हाम्रो उदय
साँच्चै उदीयमान भएछ धर्मस्थल वाराणसी जस्तै
कहाँ पुग्न सकेको छैन उदय तिम्रो किरण!
वाराणसीबाट काठमाण्डू, दार्जीलिङ, शिलाङ, देहरादुन, मिजोराम,
बम्बै, कलकत्ता, डुवर्स, सिक्किम हिमालयदेखि समतल गर्मीसम्म।
अब शंखध्वनिले निम्त्याउनेछ निरोगी उदयको जगत्मा,
हाम्रो चिनारी हाम्रो धरोहर 'उदय' बचाऊ अभियानमा।

**'उदय' पूर्णाङ्क १४७ मार्च, २०१२**



# शुरू आफैबाट गर्नु छ

निर्जीव प्रतिमाको प्राण प्रतिष्ठाले,
दैवी शक्ति साक्षात शोभायमान हुन्छ भने,
गुरू महिमाको महिमाले,
मेरो अचेतन ज्ञान चेतन बनिदिन्छ।
अपरम्पार शक्ति वेद पुराणको सामु,
अब म शक्तिशाली बन्न सक्छु।
कारण मैले संसार बद्लिनु छ,
शुरू आफैबाट गर्नु छ।
एकलव्यको प्रबल औंला,
गुरू दक्षिणामा बलि चढे जस्तो,
सकारात्मक र सत्यको कुम्लो बनी म,
गुरू दक्षिणमा बलि बनिदिन्छु।
अपरम्पार भक्ति शक्तिको सामु,
म अब ज्योतिस्वरूप,
पुण्य पुरुष बन्न सक्छु।
कारण मैले संसार बद्लिनु छ,
शुरू आफैबाट गर्नु छ।
अन्धविश्वासको धरातलबाट,
आत्मविश्वासको योगासनसम्म,
श्रद्धा र भक्तिको प्वाँख बनी,
म शून्य आकाशमा,
उड्ने प्रयास गर्छु शून्य भएर।
नकारात्मक चिन्ताको भारबाट उड्न सजिलो,
अपरम्पार प्रेम महिमाको सामु।
कारण मैले संसार बद्लिनु छ
शुरू आफैबाट गर्नु छ।
घोषित गर्नु छ तेस्रो विश्वयुद्ध,
शक्तिशाली युद्ध,
यो आध्यात्मिक युद्ध निरन्तर निशस्त्रको,

मन्त्र मानववादी क्रान्तिकारी फौज,
म एक लड़ाकु।
बन्द भएका चक्रहरू,
सुदर्शनमा परिणत भइसकेको छ।
अपरम्पार दैवी शक्ति रूद्रमको सामु,
म योद्धावीर आरोग्य अपतन भइसकेको छु।
कारण मैले संसार बद्लिनु छ,
शुरू आफैबाट गर्नु छ।
मेरो लाख लाख दण्डवत पनि,
सूर्य तेज प्रताप सामु साकार बन्न पुग्छ।
म निरोगी धनी खुशी प्रकृतिप्रेमी,
सिर्जनशील मनोक्रान्तिकारी बनिसकेको छु।
अपरम्पार महामृत्युञ्जय अघि,
कारण मैले संसार बद्लिनु छ,
शुरू आफैबाट गर्नु छ।
संकल्प मेरो इष्टदेव देवताको सामु,
प्रेम स्वास्थ्यवर्द्धक खुशी मात्र होइन,
हुन्छौं मैत्रीभावी सिर्जनशील पनि।
समर्पण गर्छु साधक बनी निरन्तर,
अपरम्पार सनातन धर्मको रक्षक बनी।
कारण मैले संसार ब्दलिनु छ,
शुरू आफैबाट गर्नु छ।
परिक्रमा मातापिताको, सर्वश्रेष्ठ परिक्रमा,
बुद्धि प्रदायक सिद्धि विनायकले गरे जस्तै,
असम्भवलाई सम्भव बनाई,
बल बुद्धि विद्याको कोशेली बनी म,
अपरम्पार वसुधैव कुटुम्बकमको ज्योति बनिदिन्छु।
कारण मैले संसार बद्लिनु छ,
शुरू आफैबाट गर्नु छ।

**'अभ्युदय' पूर्णाङ्क ३७ नोभेम्बर-दिसम्बर, २०११**



# आध्यात्मिक कवि भानुभक्त

नमस्कार सूर्यको माने हुन्छ
सूर्यका परमभक्त
सूर्य नभाए कस्तो हुन्छ
भक्त साह्रै अस्त र व्यस्त हुन्छ
भानुभक्तको माने हुन्छ
भाषाको माने हुन्छ जातिको प्राण
प्राण हराए कस्तो हुन्छ?

अन्धकारमा कालो रंग खोजे जस्तो हुन्छ
ॐ कारको उदय सूर्य हुन्छ भने
ज्योति हुन्छ सूर्यको तेज प्रताप
तेज प्रताप हराउँदा कस्तो हुन्छ?

कदर गर्छौं माता धर्मवती र धनञ्जयको
कोख मर्यादा वंश र कूलको
तब त सूर्यको किरणबाट
आध्यात्मिक कविको जन्म भयो
भाषा भक्तहरू भानुभक्त भए।

त्यसैले म भानुको स्मरण गर्छु
स्मरण गर्छु सधैं किन?
भानु नहुँदा म अँध्यारो हुन्छु
साह्रै अँध्यारो हुन्छु
निष्पट्ट अँध्यारो हुन्छु।

**'हिमालय दर्पण'**

# पुषको पानी अचार 'पुषाचार'

**सुनिता प्रधान**

काठमाडौं खाल्डोको भक्तपुर नामक टोलमा बसोबासो गर्ने नेवार जातीय समाजको सबै पर्व उत्सवहरूमा थरि-थरिका घरेलु अचार आदिको बनावट र त्यसको प्रयोग घरेलु खाद्य अथवा भोजहरूमा गर्ने प्रथा धेरै वर्ष अघिदेखि चलिआएको हामी पाउँछौं। अचार भन्नाले साधारण हामी तेल, चिप्लो, अमिलो, पिरो, विभिन्न प्रकारको टड्कालो स्वाद र मर-मसालाको सम्मिश्रण बुझ्दछौं र यसको मूल्य पनि त्यही अनुसार तोकिन सकिन्छ अर्थात् कम मूल्यमा मर-मसाला र चिप्लो अचार पाउन सकिँदैन। जति मर-मसाला र चिप्लो पिरो बेसी हुन्छ हाम्रो शरीरलाई उति क्षति पुऱ्याउँछ। यसरी अचारको सेवनबाट हुने रोग र हानिबाट बचाउनलाई भक्तपुरका नेवार वैद्यहरूले पुष महीनाको ठण्डामा उत्पत्ति भएको पानीको गुणलाई बुझेर पानीलाई अचारमा प्रयोग गर्न थाले जसलाई नेवारी भाषामा 'पुषाचार' भनिन्छ।

अचार बनाउने विधि र सामग्री :

(क) **पानी** - पानी भन्नाले जमीनबाट उम्रेको पानी सफा फिल्टरमा राखे राम्रो हुनेछ।

(ख) **हरियो सब्जी** - हिउँदो (पुष महीना) मा पाइए हरिया सब्जीहरू जस्तै गाजर, फूलकोपी, मूला, बन्दकोपी, लसुन-प्याजको साग, अदुवा, हरियो खोर्सानी आदि।

क- मेथी (भुटेर पिसेको)
ख - तोरी (भुटेर रातो बनाउनु)
ग - धनिया सुक्खा (पिसेको)
घ - हर्दी
ङ - खोर्सानी (धूलो)
च - जीरा (भुटेर पिसेको)
छ - तोरीको तेल

**विधि :**

पहिला अचार बनाउन सब्जीलाई राम्ररी सफा पानीमा धोई-पखाली मसिनो काट्नुपर्छ र घाममा ओइल्याउनुपर्छ, सुकाउनुपर्छ। एक लिटर पानीको अड्कल (हिसाब) पानीमा माथि जनाइएको सबै मसालाहरूबाट एक चम्मच मेथी र अन्य मसालाहरू केवल एक-एक चम्मच पानीमा हाल्नुपर्छ। पामी उमाल्न हुँदैन। माटोको हाँड़ी अथवा बयममा अचार बनाउन सके राम्रो हुनेछ।

मसाला आदि हालिसकेपछि आफूले रूचाएको सब्जी आफ्नो इच्छा अनुसार मसिनो काटेर हाल्नुपर्छ। हरियो खोर्सानी र लसुन पनि अघिबाटै घाममा सुकाएको हुनुपर्छ र सब्जीसँग मिसाउन सकिन्छ। खोर्सानी लसुन र अदुवा यहीं कुच्याएर हाल्नुपर्छ।

पानीमा सब्जी मर-मसाला हालिसकेपछि दुइ-तीन दिनपछि तोरीको तेल (काँचो) एक चम्मच मात्र मिलाउनुपर्छ। अचारलाई पुषको घाममा राम्ररी राख्नुपर्छ। पुषको शीतलले पनि अचारलाई चिसो पारेको हुनुपर्छ। यति गरिसकेपछि १५ दिनपछि यसलाई चाख्न सकिन्छ। व्यवहार गर्ने समयमा अचारमा मेथी पड्काएर झानेर पनि खान सकिन्छ। अचार दुइ वर्षसम्म राख्न सकिन्छ। पुषमा बनाएको अचार माघे संक्रान्तिको भोजमा नेवारहरूलाई नभई नहुने भादगाउँमा प्रथा छ।

**साभार : सुनचरी समाचार**

---

**पुस्तक समीक्षा**

## लक्ष्मी

'लक्ष्मी' उदयचन्द प्रधानको एक उत्कृष्ट कार्य हो। जाँगरिलो र जोशिलो उदयचन्द प्रधानले कृषिक्षेत्रतर्फ भएको आफ्नो ज्ञानको भण्डारलाई लगन र मेहनतद्वारा सम्पूर्ण शिक्षित कृषकवर्ग, उत्पादकवर्ग र जनसाधारणलाई पस्कने कार्य गरेका छन्।

आफ्नो जीवनकालभरि उनले कृषिसम्बन्धी विभिन्न प्रशिक्षणहरू लिएका छन्। प्रशिक्षण लिने क्रममा जीवनको प्रारम्भिककालमा शिक्षण पेशालाई पनि अंगालेको देखिन्छ भने हालमा उनी दूध उत्पादन र विकास प्रणाली, हिमूल दार्जीलिङ्मा उच्च तक्निकी अधिकारीको पदमा आसीन छन्। यसैले उनले लेखेका यो पुस्तक खूबै व्यावहारिक बनेको छ।

उनको यस पुस्तकमा सहकारिका नै समृद्धिको असल मार्ग हो भन्ने तथ्य ग्रामीणवासीहरूलाई अत्याधिक उपयोगी सिद्ध भएको छ। भारतवर्ष नै कृषिप्रधान देश भएको हुनाले यो पुस्तक पठनीय र शिक्षाप्रद हुन गएको छ। उनीजस्ता निष्ठावान, कर्त्तव्यपरायण तथा व्यवहारकुशल व्यक्तिबाट भविष्यमा पनि यस्तै प्रकारका समाजोपयोगी पुस्तकहरू सिर्जना हुनेछ भन्ने कुराप्रति हामी आशावादी छौं।

अन्तमा, निर्माण प्रकाशनले साहित्य प्रकाशनमा मात्र रूचि नराखेर जनहित निम्ति गरेको यो कार्य अनुकरणीय हुन गएको छ।

**निरूपक : नीना राई** **आभार : दियालो स्वर्ण जयन्ती अंक**

# लक्ष्मी

**दलसिंह 'अकेला'**

हाम्रो वाङ्मयमा कृषि विषय गौपालन, औषधि विषय पुस्तकहरू हातका औंलामा गनिनसक्ने छन् शायद वा यसो भन्दा अझ मीठो सुन्छ पर्याप्त मात्रामा छैनन् अनि जति लेखकहरूले यस विषयलाई लिएर लेखेका छन् उनीहरूका कलमहरूलाई मर्यादित रूप दिँदै हामीलाई अझ धेरै यस्ता कृतिहरू दिनोस् भन्ने अनुनय गर्दछु।

उच्च तक्निकी अधिकारी दूध उत्पादन र विकास प्रणाली, हिमूल, दार्जीलिङ उदयचन्द प्रधानले यस्तै विषयलाई लिएर कृति सार्वजनिक गरेका छन् 'लक्ष्मी' शीर्षक दिएर। यस कृतिबारे निर्माण प्रकाशनको सम्वाद यसप्रकार छ - नेपाली भाषामा गौपालन, घाँसको खेती, दूधको व्यवसाय आदि विषयहरूमा आम जनसाधारणलाई सजिलो गरी बुझ्न हुने पुस्तकको उपलब्धता छैन भन्दा हुने स्थितिमा यस विषयमा श्री उदयचन्द प्रधानज्यूको यो पुस्तक 'लक्ष्मी' व्यापक नेपालीभाषी पाठकहरूसमक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई खुशी लागेको छ। प्रस्तुत पुस्तकलाई साहित्यिक पुस्तकको कोटिमा राख्न अवश्य पनि सकिन्नँ...।

साहित्यिक पुस्तकको कोटिमा राख्न नसकिने हुँदा तब यो पुस्तकको प्रचार कहाँ होला, निर्माण प्रकाशन मुसुक्क मुस्काउँदै सम्वाद यसरी बोल्छ - तर खेती किसानी तथा पशुपालनमार्फत् जीवन निर्वाह गरिरहेका ग्रामीण अञ्चलहरूमा निवास गर्ने हाम्रा हजारौं लाखौं जनसाधारणलाई यो पुस्तक अलिकति भए पनि उपयोगी हुनेछ भन्ने विश्वास लिएर निर्माण प्रकाशनले यो पुस्तकलाई प्रकाशन गर्ने जिम्मा लिएको छ।

परालमा फाइबर अथवा रेशा सूत्र बेसी भएको हुनाले यो गाईले हत्तपत्त पचाउन सक्दैन औ रूचाएर पनि खाँदैन, यसमा नाइट्रोजन प्रोटीन पाइँदैन तर यसैलाई युरियासँग मिलाएर राखे केही हप्ताभित्रमा यसको खाद्यगुण धेरै बढ़ेर जान्छ। उदयचन्द प्रधान एक सशक्त समालोचक र भक्तिरसका कवि पनि हुन्। यस पुस्तक कृषकहरूले खोजी-खोजी पढ्न योग्यको भएको छ।

| | | |
|---|---|---|
| कृति - | लक्ष्मी (गद्य संग्रह) | कृतिकार - उदयचन्द प्रधान |
| प्रकाशक - | निर्माण प्रकाशन, नाम्ची, सिक्किम | संस्करण - २००६ |
| मोल - | १०० रुपियाँ | पृष्ठ ६६ |

**साभार : हिमालय दर्पण, १६ अक्टोबर, २००६**

"तर, त्यसरी सधैं सहयोग प्रदान गर्ने धर्मपत्नीसहित स्वयम् उहाँलाई पनि निष्ठुर मृत्युले अरू लामो कुनै समयसम्म सहन गर्नै सकेन, उहाँहरूका असामयिक मृत्युले हाम्रो समाजलाई समेत ठूलो खति पर्न गएको छ।"

**शरद् छेत्री**

दार्जीलिङ

"स्व० उदयचन्द प्रधान एक वक्ता, लेखक, कवि, हिमूलका एक विश्वसनीय कर्मचारी, सहकारितामा असल ज्ञान भएका हाम्रा एक अनुभवी व्यक्तित्व हामीसित बिछोड़िनु भयो। कस्तो परमेश्वरको विडम्बना द्वय दम्पति एकसाथ मार्मिक घटनामा उनीहरूको देहान्त भयो, सुनें रेडियोमा, पढ़ें खबरकागजमा, साह्रै मर्माहत भएँ।"

**पी.एल. जोशी**, मिरिक

"हाम्रो समाजका स्व० उदय प्रधान असल शिक्षक, लेखक, कवि, दूध-उत्पादक र सहकारी विकास क्षेत्र, राष्ट्रीय डेरी विकास बोर्ड साथै गौ खाद्य उत्पादन क्षेत्र, पश्चिम बंगाल सरकारका एक कर्मठ अधिकारी एवं सेवक हुनुहुन्थ्यो।"

**नेपाली साहित्य सम्मेलन**, दार्जीलिङ

"We will never forget his contribution towards the establishment of Himul."

In-charge (Hills) & Staff, **Himul**, Darjeeling

"यो परिवर्तनशील संसारमा सृष्टिकर्त्ता ईश्वरको नियमानुसार पञ्चतत्त्वद्वारा निर्मित प्रत्येक प्राणीको जन्मपश्चात् मृत्यु अन्तर्निहित रही पुनः पञ्चतत्त्वमै विलीन हुने अकाट्य 'शाश्वत्-सत्य-तथ्य' लाई हामी सबैले स्वीकारनै परेको छ।"

**अखिल भारतीय नेवार संगठन**, दार्जीलिङ

"...हाम्रो गाउँ-समाजको माननीय व्यक्तिहरूमध्ये एक श्रेष्ठ, समाजसेवी, धार्मिक एवं साहित्य सृजनशील प्रवृत्ति हुनुभएका व्यक्तित्वका धनी हुनुहुन्थ्यो। आफ्नो गाउँ, समाज एवं सामाजिक, धार्मिक कार्य अर्थात् कुनै पनि कल्याण्कारी कार्य भनेपछि नहट्ने, गाउँ समाजको निम्ति ध्रुवतारा हुनुहुन्थ्यो।"

**हरिदास हट्टा सुधार सम्मेलन**, दार्जीलिङ

"उनको निधनले हाम्रो दार्जीलिङ पार्वत्य इलाका एवं नेपाली जगत्लाई ठूलो झट्का परेको महसूस भयो।"

**सुभाष छेत्री**, दार्जीलिङ

"उनको असामयिक निधनले हामीलाई मात्र नभई हाम्रो समाजलाई नै एक अपूरणीय क्षति हुनगएको छ।"

**भरतप्रकाश राई**, दार्जीलिङ

**ISBN : 987-81-89602-4-8**